## छोटकरी

### शिक्षा समिति गठन

**कालिकोट/रास-** दुई वर्षपछि जिल्ला शिक्षा समिति कालिकोटको गठन भएको छ। शिक्षा क्षेत्रको योजना बनाउने विज्ञहरूको समूहका रूपमा लिएको जिल्ला शिक्षा समितिले पूर्णता नपाएको २० महिना भएको थियो। गुणस्तरीय शिक्षाका लागि जिल्लामा विभिन्न समय र बेला वकालत गर्ने समिति विगठन भएको लामो समय सम्म पुनर्गठन हुन नसक्दा जिल्लाको शैक्षिक गुणस्तरमा धक्का पुगेको थियो। २०७१ सालबाट अपूरो समितिले पूर्णता पाएसँगै पहिलो बैठक पनि शनिबार बसेको छ।

### राष्ट्रिय एकता आवश्यक : दाहाल

**दाङ/रास-** एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले संविधान कार्यान्वयनका लागि राष्ट्रिय एकता आवश्यक रहेको बताएका छन्। आइतबार दाङको घोराहीमा आयोजित एक कार्यक्रममा अध्यक्ष दाहालले दलिय सहमतिमा निर्माण गरिएको संविधान कार्यान्वयनका लागि राष्ट्रिय एकता आवश्यक रहेको बताए। संविधानप्रति असहमति जनाउँदै मधेसी मोर्चाले सीमा क्षेत्रमा गरेको अवरोधका कारण जनजीवन अस्तव्यस्त भएको भन्दै अध्यक्ष दाहालले सो अवरोध छिट्टै अन्त्य हुने प्रस्ट्याए।

### छुरा प्रहारबाट युवक घाइते

**वीरगन्ज/रास-** वीरगन्जको आदर्शनगरस्थित बब्लु चिया पसल नजिक भएको विवादमा छुरा प्रहारबाट वीरगन्जका एक युवक घाइते भएका छन्। आइतबार बिहान मर्निङ वाकमा निस्किएका वीरगन्ज-१, छपकैयाका २५ वर्षीय युवक विशालकुमार साह छुरा प्रहारबाट घाइते भएका हुन्। केहीबेर पहिले स्थानीय युवाहरूसँग विवाद भएपछि घर जानेक्रममा वीरगन्जको स्विमिङपुल नजिकै ती युवाहरूले विकासलाई छुरा प्रहार गरेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ। घाइते साहको दायाँ कोख, कम्बर र दायाँ हातमा गम्भीर चोट लागेको प्रहरीको भनाइ छ। गम्भीर घाइते भएका साहको वीरगन्जको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार हुन नसकेपछि थप उपचारका लागि वीरगन्जकै अर्को एडभान्स मेडिकेयर हस्पिटल (एएमसी) मा थप उपचार भइरहेको प्रहरीले जनाएको छ।

# आन्दोलनले पाँच महिनादेखि सरकारी कार्यालय बन्द

## हालसम्म ६ को ज्यान गयो, ७२ जना घाइते

**एमके माझी/राजधानी**
राजविराज, २६ पुस

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको आन्दोलनका कारण विगत पाँच महिनादेखि सप्तरीसहित तराई मधेसका सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था, अदालत र यातायात सञ्चालनमा आउन सकेका छैनन्। जसका कारण सेवाग्राहीहरू पीडा खेप्न बाध्य भएका छन्।

पहिलो संविधानसभामा मधेसी मोर्चा र सरकारबिच भएको सम्झौता कार्यान्वयन हुनुपर्ने माग अघि सार्दै मोर्चाले थालेको आन्दोलनका कारण गत ३० साउनदेखि बन्द भएको सरकारी कार्यालय, बैंक, वित्तीय संस्था, अदालत र यातायात पाँच महिना बित्न लाग्दा पनि सुञ्चलन हुन सकेको छैन।

यद्यपि, मोर्चाले सर्वसाधारणको आग्रहमा कहिलेकाहीँ बैंक तथा वित्तीय संस्थाहरू खोल्न दिए पनि सरकारी कार्यालय र यातायात भने सञ्चालन गर्न दिएको छैन। सुरक्षा स्कर्टिङमा राजमार्ग क्षेत्रमा राति-राति यातायात सञ्चालनमा ल्याए पनि दिनभर राजमार्ग सुनसान हुने गर्छन्। जसका कारण यातायात व्यवसायी र त्यसमा आश्रित मजदुरको दैनिकी थप कष्टकर बनेको छ।

सगरमाथा यातायात संघ राजविराजका सचिव दिनेशप्रसाद साहले पाँच महिना बित्न लाग्दा पनि राज्यले आन्दोलनरत पक्षसँग वार्ता गरी समाधानको प्रयास नगर्दा व्यवसाय संकटमा परेको बताए। यस्तै, यातायात मजदुर नेता वसन्त साहले लामो समयदेखि यातायात थप हुँदा त्यसमा आश्रित मजदुरहरूलाई हातमुख जोर्न समस्या भएको उनले बताए। बन्दको अवज्ञा गरेको भन्दै आन्दोलनकारीले हालसम्म जिल्लास्थित नापी, भूसंरक्षण, कोष तथा लेखा नियन्त्रण, वन, पशु, शिक्षा, राष्ट्रिय वाणिज्य बैंकलगायत आधा दर्जन बढी सरकारी कार्यालय तोडफोड र आगजनी गरिसकेका छन्।



*आन्दोलनका कारण रोकिएका लामो दूरीका सवारीसाधन।*

यस्तै एक दर्जनभन्दा बढी सवारीसाधन समेत तोडफोड र आगजनी गरिसकेका छन्। आन्दोलनकै क्रममा सप्तरीमा मात्रै हालसम्म ६ जनाको ज्यान गइसकेको छ भने ७२ जना प्रदर्शकारीहरू घाइते भइसकेका छन्। जसमध्ये गम्भीर घाइते १३ जनाको अहिले पनि विभिन्न अस्पालतमा उपचार भइरहेको मोर्चाले जनाएको छ। दिनहुँ प्रदर्शन र विरोधसभाका कारण कार्यालय र यातायात सञ्चालन गर्न जोखिम भएको भन्दै अधिकांश कार्यालय प्रमुख र यातायात व्यवसायीले सेवा सञ्चालन गर्ने हिम्मत जुटाउन सकेको छैन। लामो समयदेखि सरकारी कार्यालय र यातायात नचल्दा सेवाग्राही र यात्रुको बिचल्ली भएको छ। टाढाटाढाबाट साइकल र मोटरसाइकल लिएर अत्यावश्यक कामले सदरमुकाम आउने सर्वसाधारण कार्यालय बन्द हुँदा निराश भई फर्किने गरेका छन्।

ग्रामीण क्षेत्रबाट पटक-पटक बैंकमा रहेको पैसा झिक्न तथा मालपोत कार्यालयमा जग्गा रजिस्ट्रेसनको काम लिएर आउने मध्यका एक सेवाग्राही लक्ष्मणकुमार राय लगातारको बन्दले काम नहुँदा निराश भई फर्किनुपरेको दुखेसो सुनाए। उनले राज्यले अभिलम्ब समस्या समाधान गर्नुपर्ने बताए।

यता, प्रमुख जिल्ला अधिकारी नारायण भट्टले कार्यालय र यातायात खुलाउन भरमग्दुर प्रयास गरिरहेको बताएका छन्। उनले यसका लागि पटक-पटक कार्यालय प्रमुख, स्थानीय बुद्धिजीवी, सरोकारवाला तथा आन्दोलनरत मधेसी मोर्चासँग पनि छलफल र अन्तरक्रिया गरी कार्यालय र यातायात खुलाउन आवश्यक सबै प्रयास गरिएको जानकारी दिए।

अर्कोतिर विगतमा भएको सहमति र सम्झौता कार्यान्वयनको माग गर्दै मोर्चाले आन्दोलनका कार्यक्रमलाई निरन्तरता दिँदै दिनहुँ प्रदर्शन र विरोधसभा आयोजना गर्दै आएको छ। जिल्लामा क्रियाशील सबै मधेसवादी दल आबद्ध संयुक्त मधेसी मोर्चाको अगुवाइमा दैनिक आन्दोलनका कार्यक्रम गर्दै आएका छन्। मोर्चाका स्थानीय नेताहरूले माग पूरा नभएसम्म आन्दोलन नरोकिने अडान दोहोऱ्याउँदै आएका छन्। मोर्चाका नगर समितिका संयोजक उमेशप्रसाद साहले निर्णायक आन्दोलन भएकाले माग पूरा नभएसम्म आन्दोलन जारी रहने बताए। यस्तै तमलोपाका केन्द्रीय सदस्य जयप्रकाश ठाकुरले मधेसको अस्मिताको लडाइँ भएकाले अधिकार प्राप्त नभएसम्म आन्दोलन निरन्तर जारी रहने बताए। अर्कोतर्फ बौद्धिक समाज सप्तरीका अध्यक्ष प्रा. अमरकान्त झाले तिन दलले मधेसको माग सम्बोधन गर्न ढिलाइ गर्दा स्थिति अझ विस्फोटक हुने सम्भावना बढेको आरोप लगाए।

### लुम्बिनी-परासी सडक खुल्यो

**भैरहवा/रास-** आन्दोलनका कारण लामो समयदेखि सार्वजनिक सवारी चल्न नसकेको रूपन्देहीको हुलाकी मार्ग भैरहवा-लुम्बिनी-भैरहवा परासी सडक खण्ड खुलेको छ।

आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको अवरोधका कारण विगत चार महिनादेखि सुनसान बनेको यो सडकमा आइतबारबाट छोटो दूरीका सवारीसाधन चल्न थालेका हुन्। सवारीसाधन चल्न सुरु भएसँगै भैरहवा, लुम्बिनी, भैरहवा परासी सडक खण्डमा चहलपहल बढेको छ।

सिद्धार्थ यातायात व्यवसायी समिति भैरहवाका अध्यक्ष सूर्यकुमार सारू मगरका अनुसार भैरहवा परासी सडक-खण्डमा शनिबारदेखि र भैरहवा लुम्बिनी सडक खण्डमा आइतबारदेखि छोटो दूरीका सावरीसाधन सञ्चालनमा आएका हुन्। छोटो दूरीका सवारीसाधन सञ्चालनका लागि आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले अनुमति दिए पनि लामो दूरीका लागि भने अनुमति नदिएको उनले बताए। मोर्चाको सहमति अनुसार यी क्षेत्रमा छोटो दूरीका सार्वजनिक यातायात मात्र पठाएको र यसबाट पनि धेरै राहत महसुस हुन थालेको समितिका अध्यक्ष सारुले बताए।

लामो समयदेखि हुलाकी मार्गहरू बन्द हुँदा त्यसको प्रत्यक्ष मारमा कृषक पर्दै आएका थिए। पर्यटन क्षेत्रमा समेत असर नपुगोस् भनेर छोटो दूरीका सवारीसाधन सञ्चालन गर्न दिइएको आन्दोलनरत तराई मधेस लोकतान्त्रिक पार्टीका केन्द्रीय अध्यक्ष ओमप्रकाश यादव गुल्जारीले जानकारी दिए। उनका अनुसार मोर्चाका अन्य आन्दोलनका कार्यक्रमहरू भने यथावत् छ।

# भूकम्पपीडितले अझै पाएनन् राहत

**ध्रुव अधिकारी/राजधानी**
हेटौँडा, २६ पुस

जिल्लाको विकट गोगने गाविसका भूकम्पपीडितले अहिलेसम्म राहत रकम पाएका छैनन्। सरकारले पीडितलाई पहिलो चरणमा दिने भनेको राहत रकम १५ हजार रुपैयाँ अहिलेसम्म नपाएका हुन्।

भूकम्पपछिको नौ महिना बितिसक्दा पनि सरकारले टहरा निर्माणका लागि दिने भनेको १५ हजार रुपैयाँ गोगने गाविसका भूकम्प पीडितले अहिलेसम्म नपाएका हुन्। मकवानपुरका अन्य ३५ ओटा गाविस, हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिकाका भूकम्पपीडितले टहरा निर्माण गर्नका लागि सरकारले उपलब्ध गराएको १५ हजार रुपैयाँ गत जेठ र असार महिनामै पनए पनि गोगनेका पीडितले अहिलेसम्म नपाएको गुनासो गरेका छन्।

सरकारले टहरा निर्माण गर्नका लागि दिने रकम नौ महिना बित्दासमेत नपाएको गोगने गाविसका रामबहादुर थिङले बताए।

राहात रकम नपाउँदा त्रिपालमा बस्न बाध्य भएको उनको भनाइ छ।

जिल्ला प्रशासन कार्यालयको ढिलासुस्तीका कारण गोगने गाविसमा रकम वितरण नभएको पीडितले जनाएको छन्। भूकम्पका कारण गोगने गाविसका ७ सय ६० घर पूर्ण रूपमा क्षति भएका छन्।

टहरा निर्माणका लागि १५ हजार छिट्टो वितरण गर्न पीडितले माग गरेका छन्।

# पेट्रोलियम पदार्थ बरामद



**राजधानी संवाददाता**
कपिलवस्तु २६ पुस

कपिलवस्तुका विभिन्न स्थानहरूमा लुकाइ राखेको ठुलो परिमाणको पेट्रोलियम पदार्थ प्रहरीले बरामद गरेको छ।

जिल्लाको सीमावर्ती नाका चाकरचौडाबाट बुटवल लैजाँदै गरेको अवस्थामा पकडी, डुमरा र धरमपानीयाबाट प्रहरीले सो मात्रामा पेट्रोलियम पदार्थ बरामद गरेको हो। सशस्त्र प्रहरी बल सुरक्षा बेस डुमराबाट सशस्त्र प्रहरी निरीक्षक शालिकराम अधिकारीको नेतृत्वमा खटिएको गस्ती टोलीले पेट्रोलियम पदार्थ बरामद गरेको हो। सो क्षेत्रबाट ४ सय ५० लिटर डिजल, १ सय लिटर पेट्रोल र मट्टितेल गरी करिब १ हजार लिटर पेट्रोलियम पदार्थ बरामद गरिएको प्रहरीको भनाइ छ।

जिल्लामै पहिलो पटक यति ठूलो परिमाणमा पेट्रोलियम पदार्थ बरामद गरेको यो पहिलो भएको प्रहरीको दाबी छ। विशेष सूचनाको आधारमा बरामद् गरिएको पेट्रोलियम पदार्थ कालोबजारीमा जो-कोही भए पनि अनुसन्धानको दायरामा ल्याई कडाभन्दा कडा कारबाही गरिने सशस्त्र प्रहरी निरीक्षक अधिकारीले बताए ।

# हुचिलका चल्लासहित दुई पक्राउ

**राजधानी संवाददाता**
सुनसरी, २६ पुस

दुर्लभ मानिएका पन्छी तस्कर गर्नेहरू पूर्वी नेपालमा सक्रिय भइरहेको पाइएको छ। इलाका प्रहरी कार्यालय इटहरीले आइतबार विश्वमै दुर्लभ ६ ओटा हुचिलका चल्लासहित दुईजनालाई पक्राउ गरेपछि दुर्भल पन्छी तस्करहरू पूर्वमा सक्रिय रहेको पाइएको हो।

हुचिल अन्तर्राष्ट्रिय साइटिस महासन्धिको अनुसूची-२ मा विश्वकै दुर्लभ पन्छीको सूचीमा सूचीकृत छ। पूर्वका ताप्लेजुङ र पाँचथर जिल्लामा यसअघि पनि हुचिल तस्करीका घटनाहरू बाहिर आए पनि सुनसरी, मोरङमा यस किसिमका घटना बाहिर आएका थिएनन्।

प्रहरीले विशेष सुराकीका आधारमा आइतबार इटहरी-१ स्थित पूर्व बस स्टेसन नजिकबाट जेब्रा झोलामा लुकाएको ६ ओटा हुचिलको चल्ला र त्यसको आहाराका रूपमा राखिएको स्यालको फिलासहित धरान-१३ का विशाल तामाङ र रोजन भुजेललाई पक्राउ गरेको छ।

उनीहरूले को१५प ५७३८ नम्बरको निलो पल्सर मोटरसाइकलमा मोरङको उर्लाबारीबाट दुर्लभ पन्छी हुचिल लुकाएर धरान लैजान लागेको प्रहरीले जनाएको छ। धरानमा कसलाई बुझाउन



लगेको भन्ने खुल्न सकेको छैन। पन्छी तस्करीमा ठुलो गिरोह सक्रिय रहेको हुन सक्ने प्रहरीले अनुमान गरेको छ।

इलाका प्रहरी कार्यालय इटहरीका डीएसपी ओमप्रसाद अधिकारीले विश्वमै दुर्लभ मानिएको र बेचबिखन गर्न अवैध मानिएको हुचिलको तस्करी नेपालबाट गल्फ मुलुकहरूमा बढी हुने गरेको र यसलाई ५ लाख रुपैयाँसम्म बिक्री गर्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको जानकारी दिए। विश्वमा २ सय २५ जातका हुचिल पाइन्छन्। जसमध्ये नेपालमा २१ जातका पाइन्छन्। नेपालमा पाइने आठ प्रजातिका हुचिल दुर्लभ मानिन्छ। नेपालका २१ जिल्लामा हुचिल रहने गरेको अध्ययन गरिएको छ।

### छालापखेटेको बासस्थान संकटमा

**तेह्रथुम/रास-** व्यापारिक प्रयोजनका लागि जथाभावी रूख कटान भएपछि लोपोन्मुख अवस्थामा रहेको वन्यजन्तु छालापखेटेको बासस्थान संकटमा परेको छ।

छालापखेटेले गुँड बनाएर बस्ने रूख कटान भएसँगै यसको बासस्थान संकटमा परहेको हो। यस्तै, छालापखेटे चोरी सिकारीका कारणसमेत मासिने अवस्थामा पुगेको छ। जिल्ला वन कार्यालयले समेत यस्ता वन्यजन्तुको संरक्षण र रेखदेखमा चासो देखाएको छैन।

चार खुट्टा, लामो पुच्छर र सबै खुट्टामा छालाले घेरिएको यो वन्य जन्तु पछिल्लो समय चोरी सिकारीका कारण लोप हुँदै गएको छ। छालाको पखेटा हुने भएकाले यसको छाला टोपी लगाउनसमेत प्रयोग गरिन्छ।

अग्ला रूखमा गुँड लगाएर बस्ने खरायोको जस्तो मुख भएको यो जनावरको अस्तित्व संकटमा पर्दै गएको छ। जिल्ला वन कार्यालयले नमुना सामुदायिक वन क्षेत्रका रूपमा घोषणा गरेको देउराली भुल्केधारा सामुदायिक वन क्षेत्रमा गत वर्ष दुईटा छालापखेटे देखा परेको थियो। तर, त्यसयता जंगलमा छालापखेटे देखा नपरेको सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष तुलसी संग्रौलाले जानकारी दिए।

### चार उपप्रधानमन्त्री...

राजस्व नतिर्ने मन्त्रीहरूको सूची लामो छ। गृह मन्त्रालयले पशुपन्छी विकासमन्त्री शान्ता मानवीलाई दिएको बा१झ ५५२६ नम्बरको गाडी मुलुकको कानुनअनुसार अब गुडाउन पाइँदैन। त्यो गाडी आर्थिक वर्ष २०६६/६७ देखि नवीकरण गरिएको छैन। पाँच वर्ष नवीकरण नगरेका कारण अब त्यो गाडी नवीकरण गरेर पनि चलाउन पाइँदैन। कानुनतः जफत गर्नुपर्छ।

बा१झ ८२१९ नम्बरको गाडी आगामी असार मसान्तसम्ममा ३२ प्रतिशत जरिवाना तिरेर नवीकरण गरिएन भने त्यसको पनि दर्ता खारेज हुनेछ। सो नम्बरको गाडी नवीकरण नगरिएको पाँच वर्ष पुग्न लागेको छ। गृह मन्त्रालयले सरकारका कृषि विकासमन्त्री हरिबोल गजुरेललाई चढ्न दिएको सो गाडी आर्थिक वर्ष २०६७/६८ देखि नवीकरण गरिएको छैन।

अरूलाई गाडी सुविधा उपलब्ल गराउने र मुलुकमा कानुन व्यवस्था ठीक भए/नभएको हेर्ने गृहमन्त्री शक्तिबहादुर बस्नेतले प्रयोग गर्ने बा१झ ८८८९ नम्बरको गाडीले पनि दुई वर्षदेखि राजस्व तिरेको छैन। अब सो गाडी नवीकरण गर्न लाग्ने राजस्वको थप ३२ प्रतिशत जरिवाना तिर्नुपर्ने हुन्छ। गृहमन्त्री बस्नेतअन्तर्गतकै निकाय ट्राफिक प्रहरीले समयमै राजस्व तिर्न दबाबमूलक अनुरोध गर्ने र राजस्व नतिरका गाडी भेटे कारबाही प्रक्रिया अघि बढाउने काम गर्छ। राजस्व नतिरेको गाडी चढ्नेमा मुलुकका उद्योगमन्त्री पनि पर्छन्। उद्योगमन्त्री सोमप्रसाद पाण्डेले प्रयोग गर्ने बा१झ ८२२९ नम्बरको गाडीको दुई वर्षदेखि राजस्व तिरिएको छैन। सो गाडी नवीकरण गर्न अब थप ३२ प्रतिशत जरिवाना तिर्नुपर्छ।

हालै साइकल बाँडेर र चढेर चर्चामा आएका वातावरणमन्त्री विश्वेन्द्र पासवानको हालत पनि यस्तै छ। उनले प्रयोग गर्ने बा१झ ८८८६ नम्बरको गाडीले पनि राजस्व नतिरेको दुई वर्ष भयो। उनले सो गाडी नवीकरण गर्न लाग्ने राजस्वको ३२ प्रतिशत जरिवाना तिर्नुपर्छ। जरिवाना तिर्ने पैसा पनि सरकारकै जाने भएकाले हुन सक्छ, सरकारी निकायलाई गाडी किन्नजस्तो कर तिर्न हतार हुँदो रहेनछ। उपप्रधानमन्त्री र मन्त्रीहरू मात्रै होइन, सरकारका सचिवसहित अन्य उपल्लो तहका सरकारी अधिकारीले प्रयोग गरिरहेका गाडीको पनि समयमा कर तिर्ने काम हुँदैन। यातायात व्यवस्था विभागका एक अधिकारी भन्छन्, 'उच्च पदस्थहरूमै सरकारी सम्पत्तिलाई राष्ट्रको नठान्ने प्रवृत्ति रहेसम्म यस्तै हुन्छ।'

सरकारी गाडीको समयमै नवीकरण नगर्ने प्रवृत्ति बढ्दो रूपमा रहेको यातायात व्यवस्था विभागका प्रवक्ता वसन्त अधिकारी बताउँछन्। प्रवक्ता अधिकारी भन्छन्, 'अहिले सरकारी र संस्थानको स्वामित्वमा करिब २० हजार चारपांग्रे र करिब ३० हजार मोटरसाइकल छन्। यीमध्ये ९० प्रतिशत सवारी साधनले समयमै कर तिर्दैनन्।'

अन्तिम जिम्मेवारी कसको हो ? हामीले महालेखा परिक्षकको कार्यालयका प्रवक्ता बाबुराम गौतमलाई सोधेका थियौ। गौतम भन्छन्, 'समयमै कर नतिरका कारण जरिवाना तिर्नुपर्ने भएर राज्यलाई थप आर्थिक भार पर्न गयो भने त्यसमा सम्बन्धित पदाधिकारी उत्तरदायी हुनुपर्छ।'

*(खोज पत्रकारिता केन्द्रको सहयोगमा)*

## अनुरोध गर्छौं नभए कारबाही

**सरकारी गाडी समयमै नवीकरण गरिँदो रहेनछ नि ?**

जुनसुकै प्रकारको गाडीले पनि समयमै नवीकरण र बिमा गर्नुपर्छ। हामीले सबै निकायलाई समयमै नवीकरण गर्न लेखेर पठाइसकेका छौं। गाडी नवीरकण गर्न र तेस्रो पक्ष बिमा गर्न सरकारले बजेट दिएको छ। हामी पनि नवीकरण गर्न आऊ भनिरहेका छौं। केहीले नवीकरण गरेका छन्। केही बाँकी होलान्।

**समयमै नवीकरण नगरे के हुन्छ ?**

जरिवाना लाग्छ। पाँच वर्षसम्म पनि नवीकरण गरिएन भने दर्ता खारेज हुन्छ। त्यस्ता गाडी लिलामी गर्नुपर्छ।

**उपप्रधानमन्त्री, मन्त्रीलगायतका अधिकारीहरूलाई दिइएको गाडीको कर तिर्ने दायित्व प्रयोगकर्ताको हो कि गाडीधनीको ?**

जुन निकायको नाममा दर्ता छ, सोही निकायले कर तिर्नुपऱ्यो। जस्तो कि मन्त्रालयको नाममा दर्ता छ भने मन्त्रालयले कर तिर्नुपर्छ। प्रधानमन्त्री कार्यालयको नाममा छ भने उसैले तिर्नुपर्छ। विभागको नाममा छ भने विभागले तिर्नुपर्छ। संस्थानको नाममा छ भने संस्थानले तिर्नुपर्छ। आयोजनाको नाममा छ भने आयोजनाले तिर्नुपर्छ।

**समयमै नवीकरण नगर्ने निकायमाथि के हुन्छ ?**

सुरुमा अनुरोध गर्छौं, त्यतिले भएन भने कारबाही गर्छौं।

**समयमै कर नतिरेका कारण जरिवाना तिर्नपर्दा त्यो रकम कसले बेर्होनुपर्छ ?**

सम्बन्धित पदाधिकारी जिम्मेवार हुनुपर्छ। बजेटको व्यवस्था नभएर कर नतिरेको हो वा बजेट भएर पनि नतिरेको हो त्यो हेर्नुपर्छ। हामीले कर लिने हो, कर तिर्न कसलाई जिम्मेवार बनाउने भन्ने सम्बन्धित पदाधिकारीको कुरा हो।



**चन्द्रमान श्रेष्ठ**
महानिर्देशक, यातायात व्यवस्था विभाग

**गृह मन्त्रालयले दिएको गाडी शान्तिमन्त्रीले चढिरहनुभएको छ भने कर तिर्ने जिम्मेवारी कसको ?**

हामी सवारीधनी हेर्छौं। कसले चढेको छ त्यो हेर्दैनौं। गृह मन्त्रालयका नाममा दर्ता छ भने समयमा कर तिर्ने काम गृह मन्त्रालयको हो।

## सम्पादकीय

# पृथ्वीनारायणलाई सम्झौं

आज २७ पुस। विसं. १७७९ पुस २७ गते तत्कालीन गोर्खा राज्यमा भावी शासकका रूपमा पृथ्वीनारायण शाहको जन्म भएको दिन। पृथ्वीनारायण शाह भन्नेबित्तिकै आमनेपालीको बुझाइ हुन्छ– राष्ट्रिय एकताका प्रतीक। त्यस समयका बाइसे, चौबिसेलगायत टुक्रे राज्यहरूलाई एकीकरण गरी हालको नेपाल निर्माण गर्ने व्यक्तिका रूपमा पृथ्वीनारायण शाहलाई सम्झँदै आइएको हो।

अनेक जातजाति र सम्प्रदायमा विभक्त त्यस बेलाको राज्य संरचनालाई एकत्रित गरेर आमनेपालीलाई एउटै मालामा उन्ने जुन कार्य उनले गरे, त्यसका लागि हरेक वर्ष उनको जन्मदिन २७ पुसलाई 'पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवस'का रूपमा मनाइँदै आएको थियो। विसं. ०६२/६३ को दोस्रो जनआन्दोलनपछि राजतन्त्र समाप्तिसँगै एकता दिवस पनि खारेज गरियो/मनाउन छाडियो। र, फेरि १० वर्षपछि तिनै पृथ्वीनारायण सम्झनुपर्ने र नपर्ने अनेक कोणका बहस सुरु भएका छन्, बेग्लै समय र सन्दर्भमा। त्रिभुवनको निधनपछि राजा बनेका महेन्द्रले २०१२ सालमा राष्ट्रिय एकता दिवस मनाउने निर्णय गरे। अक्षुण्ण रूपमा यो लामो सयम कायम रह्यो। तर्क गर्नेहरूका लागि २७ पुस एउटा गतिलो हतियार बनेको छ। एक सातायता सञ्चारमाध्यममा पृथ्वीनारायण जन्मेको दिन पृथ्वी जयन्ती मनाउने/नमनाउने विषयमा बहस जारी छन्, दुई ध्रुवमा विभाजित भएर। तर, हामीले बुझ्नै पर्ने अहं विषय भनेको चाहिँ पृथ्वीनारायण शाहवंशीय राजा त अवश्य हुन् तर शाहवंशीय राजतन्त्रको पतनसँगै उनको योगदान पनि चटक्कै बिर्सन भने अवश्य मिल्दैन। अबको बहस यो दिशामा केन्द्रित भए पृथ्वीनारायणको सम्झाइमाथि न्याय हुन्छ।

पृथ्वी जन्मेको दिनलाई एकता दिवस नमनाउने निर्णयसँगै यो विषयलाई दलीय एजेन्डा मात्रै बनाइएन, अदालतसम्म पनि पुर्‍याइयो। जति उनको योगदानको चर्चा हुनुपर्ने हो, त्यसमा भने हामी कतै न कतै चुकेका अवश्य छौं। गणतन्त्र संस्थागत गर्ने नाममा विगतमा हामीले राजामहाराजाको सालिक तोड्यौं र नयाँ पुस्तालाई गणतन्त्र संस्थागत गर्न सालिक तोड्नुपर्ने गलत शिक्षा पनि दियौं। जसको जगमा नयाँ पुस्ताले पृथ्वीनारायणलाई हिरो कम भिलेन बढीका रूपमा चित्रित गरेका हुन्। तर, बुझ्नैपर्ने के हो भने ऐतिहासिक धरोहर र व्यक्ति राष्ट्रका विभूति र सम्पत्ति हुन्, सधैं बनाइनु र जोगाइनुपर्छ। हिटलरको इतिहास लोकप्रिय हुने तर पृथ्वीनारायण गलत हुने मानसिकता हामीले उनलाई सम्झिरहँदा तोड्नै पर्छ। बाइसे चौबिसे राज्य एकीकरण गरेर आधुनिक नेपाल बनाउने पृथ्वीनारायणको अभियान साम्राज्यवाद होइन। तत्कालीन समयको आवश्यकता थियो। यदि, उनले त्यसबेला एकीकरण अभियान नथालेको भए हामीलाई ब्रिटिस साम्राज्यबाट जोगाउने अस्त्र पनि हुने थिएन। पृथ्वी जयन्ती या एकता दिवसमा बिदा दिने/नदिने बहस बेग्लै विषय हो, यो सरकारको निर्णयमा निर्भर रहन्छ। तर, आजको दिन कम्तीमा पृथ्वीनारायण शाहलाई सम्झौं। र, उनले गरेका सबैखाले योगदानको समीक्षा गरौं।

# सरकारलाई सुझाव



■ श्यामप्रसाद मैनाली

नेपालमा प्रजातान्त्रिक र लोकतान्त्रिक समयमा गठन भएका सरकारहरूको पक्षमा जनता कहिल्यै उभिन सकेनन्। राष्ट्रियताको मूल्यमा संविधान जारी हुँदाका बखत सुशील कोइराला नेतृत्वको सरकार र त्यसपछि कोइराला सरकारकै विसारदको रूपमा मधेसी आन्दोलनको समस्या बोकेर सिंहदरबारमा एक थान तस्बिर झुन्ड्याउने हतारोमा केपी शर्मा ओलीजी प्रधानमन्त्रीको तातो कुर्सीमा वहाली हुन पुग्नुभयो। उहाँले राष्ट्रियताको पक्षमा दृढ रही अघि बढ्नेगरी दिएको प्रतिबद्धताका कारण नेपाली जनताले खासै विरोध गरेका छैनन्। ०४६ सालपछि संविधान जारी गरेको श्रेय सुरक्षित गर्ने सुशील सरकार र मधेसीहरूसँग घुँडा नटेक्ने दृढता प्रकट गरेको ओली सरकार मात्रै यस्ता सरकार भए, जसलाई नेपाली जनताले राष्ट्रियता नै कमजोर हुने गरी काम नगरेकाले प्रशंसा नगरे पनि विरोध गरेनन्। यस अर्थमा यी दुईओटा सरकारले जनताको समर्थन पाएका थिए, पाइराखेका छन्। तर, यसको निरन्तरता कहिलेसम्म त? अब प्रश्न उठ्न थालेको छ। सरकार अनिर्णयको बन्दी बन्दै गएको आलोचना अब सुरु हुन थालेको छ।

यो स्तम्भकार ०४५ सालको नेपाल-भारत व्यापार तथा पारवहन सन्धिमा गतिरोध आएका कारण पेट्रोलियम पदार्थलगायतको दैनिक उपभोगका सामग्रीको आपूर्ति बन्द भएको, तत्कालीन राजा स्वर्गीय वीरेन्द्रले राष्ट्रियताको पक्षमा अडान लिएको, त्यस बखतका प्रधानमन्त्री स्वर्गीय मरिचमान सिंह श्रेष्ठ नेपालगन्ज आई समस्याको समाधानमा विशेष गम्भीरता देखाएको, कुपन उपलब्ध गराई त्यसैको आधारमा उपलब्ध भएका सामग्री जनतालाई उपलब्ध गराएको, अनौपचारिक रूपमा सामान भित्र्याउने रणनीति अवलम्बन गरेको, हाल पटकपटक सरकार र प्रतिपक्षको भूमिकामा रहने दलले भारतले खडा गरेका समस्याका पक्षमा त्यस समय वक्तव्यबाजी गरेको, तत्कालीन परराष्ट्रमन्त्री स्व. शैलेन्द्रकुमार उपाध्याय समस्या समाधानका लागि पहल गर्न भारत जाँदा भारतीय प्रधानमन्त्रीले भेट नदिएको, गैरकूटनीतिक भाषा प्रयोग गरी फर्काएको, यो समस्या करिब १५ महिना रही नेपालको निरपेक्ष राजतन्त्र संवैधानिक हैसियतमा परिणत भई ०४६ सालको जनआन्दोलन सफल भएपछि मात्र यो सन्धिमा पुनः हस्ताक्षर भएको तर हालका दिनको जस्तो जनताले अत्यन्त ज्यादा पीडा भोग्नु नपरेको स्मरण गर्छ। विदेशीसामु घुँडा नटेक्ने राजा वीरेन्द्रको अडान र भारतले असहयोगको नीति अवलम्बन गर्नुका पछाडि धेरै अगाडिदेखिको राजनीतिक घटनाक्रम जिम्मेवार थियो। यसमा व्यक्तित्वको द्वन्द्व त थियो नै तर जनतालाई राहत दिने क्रममा वर्तमान सरकारभन्दा त्यस समयको मरिचमान सरकार नै अब्बल देखियो। इमानदारिताका साथ यसलाई सबैले स्विकार्नुपर्ने अवस्था छ।

सरकार जनताप्रति जिम्मेवार हुनुपर्छ। लोकतन्त्रमा जनतालाई सार्वभौम मानिन्छ। जनताका समस्यालाई टुलुटुलु हेरेर बस्ने सरकारलाई अकर्मण्य सरकार भनिन्छ। यस्तो सरकारलाई जनताको समर्थन, सम्मान र विश्वास रहँदैन। यतिखेर देशको अवस्था विचित्र छ। आर्थिक वृद्धि दर अत्यन्त न्यून हुने, राजस्व असुलीमा अत्यन्तै कमी आएको सार्वजनिक अभिव्यक्ति अर्थमन्त्री निश्चिन्तता साथ दिन पुग्छन्। रक्सौल नाकाबाहेक अन्य नाकाबाट आयात सञ्चालन भएको छ। सम्प्रेषित समाचार सुन्दा, अध्ययन गर्दा पेट्रोलियम पदार्थ र एलपी ग्यासको आपूर्ति राम्रै मात्रामा भएको पाइन्छ। सार्वजनिक सवारीसाधनदेखि व्यक्तिगत सवारीले इन्धन पेट्रोल पम्पबाट खासै पाउन सकेका छैनन्। ग्याँसका लागि स्थायी भिड प्रत्येक डिपोमा प्रायः देख्न सकिन्छ, तर सहज हिसाबले ग्याँस पाइन्न। दैनिक उपभोगका सामानको मूल्य ३ सय प्रतिशतसम्म बढेको पीडा गृहिणीहरू व्यक्त गर्छन्। ८ हजार रुपैयाँमा ग्याँस र ३ सय रुपैयाँ लिटरमा पेट्रोल सहजै उपलब्ध हुन्छ। यतिखेर देश कालोबजारीबाट धानिएको छ, यसको एउटै प्रमाण तेलको आपूर्ति असहज भएको परिस्थितिमा सडकमा गाडीहरूको जाम भएको छ। कालोबजारी नियन्त्रण गरी नेपाल भित्रिएका सामानको वितरण पारदर्शी बनाउन सरकार किन चाहिराखेको छैन? प्रहरी र सेनाका ब्यारेकमा ग्याँसको अभाव छैन। सरकार र यसको संयन्त्रले यो दुःखको आभासै गर्नुपरेको छैन। राजनीतिक दलका कार्यकर्ता कालोबजारियामा परिणत भएका छन्। देशमा तस्करी र कालोबजारी संस्थागत हुँदै गर्दा राजा निरोलाई पनि विस्थापित गर्न सक्षम पात्रका रूपमा प्रधानमन्त्री ओलीजी देखिएका छन्। यसबाट सरकार प्रमुखलाई आत्मग्लानि हुनुपर्ने हो, त्यसको आभास पनि जनताले गर्न सकेनन्।

सरकारका क्रियाकलापलाई एक पटक समीक्षा गरौं। मधेसवादीको आन्दोलनबाट पीडित तराईका जनता, जहाँ नेपाली कांग्रेस र एमालेको वर्चस्व कायम रहेको मात्रै होइन सरकार चलाउने हैसियतसमेत उनीहरूले बनाइदिएका छन्। ती दुःखी र पीडित जनतालाई मलमपट्टी गर्ने दायित्व नेपाली कांग्रेस र एमालेको नै हुनुपर्ने हो। तर, तराईमा बालबालिका विद्यालय जानबाट वञ्चित छन्, जनताको दैनिकी कष्टकर भएको छ, तराईमा मधेस आन्दोलनका स्वघोषित नेताले संविधानबारे फैलाएका भ्रमका सम्बन्धमा यथार्थ अवस्था जनतालाई बुझाउने विषयसमेत प्रभावकारी रूपमा अघि बढ्न सकेन। सरकारको काम ठुलो मन्त्रिपरिषद् बनाई उपप्रधानमन्त्रीको संख्या एक दर्जन पुर्‍याई गौरव मान्ने पो हो कि? भूकम्पपीडितका नाममा मन्त्री र दलका नेताका सन्ततिले निर्लज्ज विदेश भ्रमण गर्दा कार्यक्रमका आयोजक देशले अवधि नै छोट्याई टोली फिर्ता गर्दा देशको शिर झुकेकोमा प्रधानमन्त्रीलाई पटक्कै असर गरेन, गरेको आभास मिलेन। त्यसैले अब प्रधानमन्त्री एक पटक जनताको पक्षमा उभिएर देखिने गरी केही काम गर्नुपर्ने समय आएको छ। यसतर्फ ध्यान जान जरुरी छ।

सरकार प्रमुखले केही काम शीघ्र थालनी गर्नुपर्छ। सबैभन्दा पहिला प्रत्येक परिवारलाई कुपनको व्यवस्था गरी प्राप्त सामग्री सहजै पाउने व्यवस्था मिलाउन जरुरी छ। यसका लागि स्वयं प्रधानमन्त्रीले क्रियाशीलता देखाउनुपर्छ। पार्टीका नेतालाई भ्रष्टाचारको आरोपमा हुन लागेको छानबिनलाई सरकारले प्रोत्साहन प्रदान गर्नुपर्छ। कालोबजारी नियन्त्रण युद्धस्तरमा हुनु जरुरी छ। गृहमन्त्रीबाट भएको अधिकारको दुरुपयोगका सम्बन्धमा सरकारको धारणा बाहिर आउनुपर्छ। सरकार र मन्त्रीलाई जेजस्तो काम गर्न छुट नदिइएको सम्बन्धमा जनतालाई विश्वास गराउन सक्नुपर्छ। पूर्वविशिष्ट पदाधिकारीलाई राज्यकोषमा ठुलो दायित्व सिर्जना हुने गरी सेवा सुविधा थपी कालो टीका लगाएर बाहिरिने गल्ती प्रधानमन्त्रीले गर्नुहुन्न। यस्तो सुविधा सरकारले दिने हो भने उनीहरूको व्यक्तिगत सम्पत्ति सबै राष्ट्रियकरण गर्नुपर्ने तर्क सचेत जनता गर्न थालेका छन्। मन्त्रिपरिषद् जम्बो बनाउने कामको पछाडि कुनै गतिलो र विश्वस्त आधार जनताले देखेका छैनन्। किनकि, जनताको पक्षमा काम गर्न सकिँदैन भने सरकारमा बस्नुको कुनै उपादेयता रहँदैन। एमाओवादी र राप्रपा नेपालको समर्थन रहँदासम्म पदमा टाँसिइरहने सुविधा प्रधानमन्त्रीले प्राप्त गरी नै रहनेछन्। गणितीय हिसाब यही हो भने मन्त्रिपरिषद्का सदस्य थप हुँदै जानुको औचित्य नेपाली जनतालाई प्रधानमन्त्रीले प्रस्ट गराउन अत्यावश्यक भएको छ।

**ठुलो आर्थिक दायित्व देशलाई बोकाई पूर्वविशिष्टहरूलाई सेवासुविधा थप गर्ने, कालोबजारी र तस्करीमैत्री वातावरण सिर्जना गर्ने, औपचारिक रूपमै कालोबजारी गर्न अनुमति दिने, दैनिक उपभोग्य सामानको अभावबाट जनतालाई पीडा दिइरहने, भूकम्पपीडितको नाममा सरकारमा सहभागी नेताकै सन्ततिलाई सुविधा दिने, देशद्रोही अभिव्यक्ति दिइरहँदा मूकदर्शक बनी यिनै उपहार नेपाली जनतालाई दिने हो भने ओलीजीको उखाने सरकार नेपालको राजनीतिक इतिहासमा सबैभन्दा कलंकित हुनेछ।**

यतिखेरको अहं सवाल भनेकै मधेसीको आन्दोलन हो। यसको गन्तव्य नेपालको राष्ट्रियतामा समझदारी गराउने नै हो। पहाड, तराई र हिमालबिचको सद्भाव र सौहार्दतामा आँच पुर्‍याउने नै हो। त्यसैले यो समस्याको समाधान सहज छैन। जनमत मान्न तयार नहुने ८९ प्रतिशतले स्वीकार गरेको संविधान जलाउने, तराई छुट्टै देश भन्ने आधार पुगेको ऐलान गर्ने, तराईमा अब हिंसात्मक आन्दोलन गर्ने, साम्प्रदायिकता भड्काउने उद्घोष गर्नेहरूलाई रातो कार्पेट ओछ्याएर स्वागत मात्रै गर्ने वा त्यस्ताविरुद्ध राज्य कारबाहीमा पनि उत्रिने हो? यसबारे सरकारले जनतालाई सुसूचित गराउनुपर्ने अवस्था छ। सरकार समझदारी र वार्ताबाट मात्रै चल्दैन। लोकतन्त्रको गरिमा समझदारी र सहमति हो भने यसको अपरिहार्य आधार भनेको कानुनको शासन पनि हो। त्यसैले आज जनताबाट तिरस्कृत केही झुन्डको माग पूरा गर्न सरकार लागिपर्ने हो भने भोलिका दिनमा प्रायः सम्पूर्ण नेपालीको माग पूरा गर्नुपर्ने दिनको सामना पनि सरकारले गर्नुपर्नेछ। त्यसैले प्रदेश विभाजनको विषय सरकार, दलहरू र संसद्को निर्णय मात्र गर्नु अत्यन्त ठुलो गल्ती हुनेछ। यस विषयमा जनतालाई सोध्नु जरुरी हुन्छ। तराईमा रहने देशभक्त नेपालीको मत तराईलाई पहाड र हिमालबाट अलग्गै राख्न नहुन सक्छ। तराई मात्रै समग्र देश होइन, तर तराई पनि देश भने अवश्य हो। यो विषयमा सरकार र ठूला दलहरू गम्भीर हुनुपर्दछ। वार्ताबाट समझदारी हुने अवस्था कमै देखिन्छ। यदि यस्तो अवस्था रहेमा देशलाई अनिर्णयको बन्दी बनाउन पाइँदैन। यसको छिनोफानो गर्ने अधिकार जनतालाई दिन जनमतसंग्रहको घोषणा गरिदिँदा हुन्छ। लोकतन्त्रवादी भएको दलिल गर्ने जोकोहीले जनताको निर्णयलाई मान्नुपर्छ।

राजकाज चलाउने विषय सहज हुँदैन। राजनीतिक इतिहासलाई अध्ययन गर्ने हो भने देशको राजनीति देशभित्र विरलै रहेको छ। २००७, ०१७, ०४६, ०६३ सबै तिथिमितिले यही कुरा प्रमाणित गरिराखेका छन्। देशले सार्वभौम अधिकारको प्रयोग गर्दा छिमेकीको चासोलाई सम्बोधन गर्न सकिँदैन। त्यसैले सरकारमा रहेर विकृति र विसंगतिको स्रोत बन्ने प्रयास प्रधानमन्त्रीले गर्नु भएन। सबै विसंगतिमा सुधार गर्दै ०२७ सालदेखि ०७२ सम्म आइपुग्दा हामी पटकपटक नाकाबन्दीबाट पीडित छौं। यसको विकल्प भनेकै उत्तरतर्फबाट आपूर्ति प्रारम्भ गरी दक्षिणको एकाधिकार अन्त्य गरी दुवै छिमेकीबिच सौहार्द सम्बन्ध कायम गर्नु हो। यसैबाट देशको सार्वभौमसत्ताको रक्षा गर्न सकिन्छ। यो कार्य सम्पन्न गर्दा नेपालको राजनीतिक इतिहासमा प्रधानमन्त्रीको नाम स्वर्ण अक्षरमा अंकित हुनेछ, अन्यथा समय सबैभन्दा बलवान् हुन्छ। घटनाक्रमले सरकारबाट हट्नुपर्ने स्थिति आउन सक्छ। लोभीपापीहरूको संख्या मन्त्रिपरिषद्मा जेजति थपे पनि कुनै अर्थ रहनेछैन। यदि शीघ्र कारबाहीमा क्रियाशीलता नदिने हो भने सबैभन्दा अकर्मण्य सरकार र अक्षम प्रधानमन्त्रीको छवि वर्तमान प्रधानमन्त्रीले प्राप्त गर्ने वातावरण बन्दै गएको विश्लेषण बाक्लै सुन्न थालिएको छ। त्यसैले ठुलो आर्थिक दायित्व देशलाई बोकाई पूर्वविशिष्टहरूलाई सेवासुविधा थप गर्ने, कालोबजारी र तस्करीमैत्री वातावरण सिर्जना गर्ने, औपचारिक रूपमै कालोबजारी गर्न अनुमति दिने, दैनिक उपभोगका सामानको अभावबाट जनतालाई पीडा दिइरहने, भूकम्पपीडितको नाममा सरकारमा सहभागी नेताकै सन्ततिलाई सुविधा दिने, देशद्रोही अभिव्यक्ति दिइरहँदा मुकदर्शक बनी यिनै उपहार नेपाली जनतालाई दिने हो भने ओलीजीको उखाने सरकार नेपालको राजनीतिक इतिहासमा सबैभन्दा कलंकित हुनेछ। यसमा प्रधानमन्त्री र सरकारमा रहनेहरूले गम्भीरतापूर्वक चिन्तन गर्नु बुद्धिमानी हुनेछ।

*(मैनाली पूर्वसचिव हुन्।)*

# पृथ्वीनारायण र राष्ट्रिय एकता दिवस



■ दीर्घराज प्रसाईं

राष्ट्र निर्माता पृथ्वीनारायण शाहको जन्म विसं. १७७९पुस २७ गते भएको हो। विसं. १७९९ साल चैत २५ गते, रामनवमीका दिन २० वर्षको उमेरमा गोर्खामा राज्यारोहण गरेका युगपुरुष पृथ्वीनारायण शाह सम्पूर्ण नेपाल र नेपाली जनताका भाग्यनिर्माता र गौरव हुन्। अहिलेको 'विशाल नेपाल' सम्राज्यवादी शक्तिसँग भिडेर स्थापित भएको राष्ट्र हो। अमेरिका, जर्मनी, इटाली, जापानलगायत यस्ता कैयौं देश अन्धकारमा रहेका अवस्थामा पनि पृथ्वीनारायण शाहको दूरदर्शी नेतृत्वबाट बेलायती साम्राज्यले यस क्षेत्रलाई आफ्नो कब्जामा राख्न असफल भएको थियो। चन्द्र-सूर्य अंकित झन्डा फहराएर पृथ्वीनारायण शाहबाट हिमवत्खण्ड नेपालको अस्मिता र मौलिकतालाई जीवन्त राख्ने कार्य भएको हो। विशाल नेपालको सिर्जना हुनुभन्दा अगाडि हिमवत्खण्डको यो क्षेत्र थुप्रै स-साना राज्यहरूमा विभाजित थियो। पूर्वमा ब्रह्मपुत्र, पश्चिममा हिन्दुकुश, उत्तरमा कैलाश मानसरोवर र दक्षिण गंगासम्मको भूभाग हो, हिमवत्खण्ड नेपाल। यस क्षेत्रमा शक्तिशाली बेलायती साम्राज्यको आँखा परिसकेको अवस्थामा पृथ्वीनारायण शाह जस्तो सपूत गोर्खामा नजन्मिएका भए यो क्षेत्रको अस्मिता उसैबेला गुमिसक्ने थियो। 'मेरा साना दुःखले आर्ज्याको मुलुक होइन, सबै जातको फूलबारी हो, सबैलाई चेतना भया' भन्ने पृथ्वीनारायण शाहको दिव्योपदेशले सम्पूर्ण नेपालीलाई उत्प्रेरित गराइरहेको छ।

पृथ्वीनारायण शाहले नेपालको एकीकरणको महायज्ञमा सक्रिय बनेर कान्तिपुर विजय गरेपछि कान्तिपुर, ललितपुर, भक्तपुरमा इसाईहरूले प्रभाव जमाएर धर्म परिवर्तन गराइरहेको थाहा पाएर उपत्यकाबाट इसाई पादरी केपुचिन र अन्य इसाईहरूलाई निष्कासन गरेका थिए। यसरी इसाईहरूलाई यो क्षेत्रबाट लखेटेपछि उनीहरू नेपालको हिन्दु अधिराज्य र पृथ्वीनारायण शाहसँग आक्रोशित भएकाले नेपालमा हिन्दुत्व र पृथ्वीनारायण शाह तथा उनले एकीकरण गरेको भूमिलाई ध्वस्त बनाउन पर्खेर बसेका थिए। नेपालमा उनीहरूले चाहेको जस्तै व्यक्ति माओवादीभित्र केही भेट्टाए। यी माओवादीभित्रका केही नेता क्याथोलिक भएकाले उनीमार्फत नै पृथ्वीनारायण शाहको सालिक भत्काउने, राष्ट्रिय एकता ध्वस्त गराउने कार्यमा सरिक गराइए। ०६३ पछि गोर्खामै जन्मिएका बाबुराम भट्टराईले पृथ्वीनारायण शाहको अपमान गर्न अनेकौं कुतर्क प्रस्तुत गर्दै पृथ्वीनारायण शाहलाई सामन्तीका नाइके भनेर कान्तिपुरमा लेखे- 'पृथ्वीनारायण शाहले सामन्ती राज्य सुरु गरे। पृथ्वीनारायण शाहले धार्मिक आधारमा खस आर्यहरूलाई माथिल्लो जातको मान्ने र अरू जातलाई तल्लो जातका मान्ने गर्थे। पृथ्वीनारायण शाहले निर्माण गरेको राज्य वर्गीय र जातीय उत्पीडनमा आधारित थियो' भन्दै राष्ट्र निर्माताविरुद्ध विष वमन गर्दै आएका थिए। यिनै भट्टराईले कथित जनयुद्धको बेला पृथ्वीनारायण शाहको सालिक भत्काउने अभियान पनि चलाए।

उनले पृथ्वीनारायण शाह र राष्ट्रिय एकता दिवसप्रति प्रतिशोध राखेर ०६३ सालपछि नेपालीले औपचारिक रूपमा मनाउँदै आएको राष्ट्रिय एकता दिवस खारेजी गर्न गिरिजाप्रसाद कोइराला र उनका गृहमन्त्री कृष्ण सिटौलालाई दबाब दिए। स्मरण रहोस्, जयप्रकाश मल्लको समयमा कान्तिपुरमा अंग्रेजको दूत भएर इसाई धर्मको प्रचार गर्ने पादरीहरू 'व्यापारको साथ बाइबल र बाइबलको साथ तरबार' भन्ने उक्ति पृथ्वीनारायण शाहलाई जानकारी भइसकेको हुँदा यस्ता परचक्रीलाई थुम्थुम्याएर राखिछाड्नुभन्दा उपत्यका विजय गरेपछि क्रिश्चियन धर्म प्रचारक पादरीलाई यहाँबाट धपाएर चर्चलाई अर्कै काममा प्रयोगमा ल्याएका हुनाले केपुचिन पादरी आक्रोशित हुँदै पृथ्वीनारायण शाहलाई बदनाम गर्न 'पृथ्वीनारायण शाहले कीर्तिपुरेहरूको १७ धार्नी नाक काटेका थिए' भनेर झुठा कुरा बेलायतका कर्क पेट्रिकलाई लेख्न लगाएका थिए। तर, पृथ्वीनारायण शाह त्यस्ता क्रूर थिएनन् र आफ्नो कब्जामा आइसकेका राज्यका जनताको संरक्षण गर्नु राजाको कर्तव्य हो भन्ने कुरा उनलाई राम्ररी थाहा थियो। त्यसबेला पृथ्वीनारायण शाह नुवाकोटमा थिए र त्यसरी नाक काट्ने आदेश दिएका थिएनन्।

१७ धार्नी नाक काट्दा कति जनसंख्या चाहिन्छ? यिनै झुटा कुरालाई कतिपय नेपाली लेखकसमेतले उद्धृत गर्ने कुकर्म गरेकाले पनि अरू धेरै भ्रम थपिन गएको हो। वास्तवमा यी सबै झुटा र पृथ्वीनारायण शाहलाई बदनाम गर्ने षड्यन्त्र थिए। कीर्तिपुरेहरूको नाक काटियो भन्ने कुरा हारिएको कुरालाई 'तिललाई पहाड बनाउने काम' मात्र भएको हो। ०६३ सालपछि माओवादीहरूले त्यही रिस फेर्ने कुकृत्य गरे। बाबुराम भट्टराईकै सक्रियतामा नेपाललाई धर्मनिरपेक्ष, गणतन्त्र घोषणा गराउन यत्रतत्र दबाब दिने काम गरेर नेपाललाई इसाईकरण गराउन सजिलो बनाए।

पृथ्वीनारायण शाहले एकीकरण गरेर विभिन्न जातजाति, धर्म, वेशभूषामा विभाजित नेपालीलाई एक नेपाली जातिमा परिणत गराएका थिए। नेपालको एकीकरण हुनुभन्दा अगाडि नेपाली भाषा अनेकौं जातीय भाषाबिच अन्तरभाषाको रूपमा व्यापक भइसकेकाले सबै नेपालीको साझा सरकारी भाषाको रूपमा स्वतः रूपान्तरण भयो। पृथ्वीनारायण शाहबाट विशाल नेपालको एकीकरणको सन्दर्भमा यस क्षेत्रका तमाम हिन्दु-बौद्धलाई फिरंगीहरूविरुद्ध संगठित गराउन गोरखनाथबाट कानफट्टा योगीहरू रातिराति भूतप्रेत भगाउन फेरी लगाउन चौतर्फी खटाइएको थियो। कानफट्टा योगीहरूले त्यसबेला शंकास्पद फिरंगी र अन्य विदेशी गुप्तचरको कहीं कतै सक्रियता भेटेमा गोर्खाका राजालाई जाहेर गर्ने गर्थे। फेरी लगाउने परम्परा अद्यापि पूर्वमा ब्रह्मपुत्र र पश्चिममा काँगडासम्म कायमै छ। त्यस्तै, घरघरबाट हरेक नरनारीमा सैनिक शक्ति जागरण होस् भन्नका लागि खाँडो जगाउने अभियानको थालनी भएको थियो। खाँडोलाई राष्ट्रिय गानको रूपमा मेला वा अन्य जागृत स्थललगायत विवाहहरूमा कण्ठस्थ पाठ गर्ने गरिन्थ्यो। अहिले पनि नेपालीले विवाहको शुभ लगनको बेलामा इतिहासको पाठ स्वरूप खाँडो जगाउने गरेको पाइन्छ।

**१७ धार्नी नाक काट्दा कति जनसंख्या चाहिन्छ? यिनै झुटा कुरालाई कतिपय नेपाली लेखकसमेतले उद्धृत गर्ने कुकर्म गरेकाले पनि अरू धेरै भ्रम थपिन गएको हो। वास्तवमा यी सबै झुटा र पृथ्वीनारायण शाहलाई बदनाम गर्ने षड्यन्त्र थिए।**

पृथ्वीनारायण शाहले उत्तरमा ठुलो राष्ट्र चीन र दक्षिणमा ठुलो राष्ट्र भारतबिच कस्तो कूटनीति अवलम्बन गर्नुपर्छ भन्ने कुरा राम्ररी बुझेर भनेका थिए- 'यो राज्य दुई ढुंगाबिचको तरुल जस्तो रहेछ। चीनको बादशाहसँग ठुलो घाहा (राम्रो सम्बन्ध) राख्नू, दषिनको समुन्द्रको बादशाहसित घाहा त राख्नु, तर त्यो महाचतुर छ। देशका महाजनहरू हाम्रा मुलुकमा आया भन्या दुनियाँ कंगाल गरी छाड्छन्।' यस्ता तथ्य कुरा त्यसबेलै भन्ने पृथ्वीनारायण शाह कति दूरदर्शी थिए भन्ने कुरा अहिले दक्षिणको चलखेलबाट स्पष्ट हुन्छ। कीर्तिपुर विजय गरेपछि जयप्रकाश मल्लको सहयोगार्थ कर्नेल किनलोकको नेतृत्वमा आएको २४ सय अंग्रेजी फौजलाई सिन्धुलीबाटै डाँडा कटाएको थियो गोर्खाली फौजले। अंग्रेज फौज आक्रमण गर्न आउन लागेको सूचना सिन्धुलीबाट रामचन्द्र प्रसाईंले पृथ्वीनारायण शालाई पत्र लेखेर पठाएका थिए। त्यही पत्रको आधारमा रामचन्द्रलाई प्रतिउत्तर पठाई आफ्ना सेनापति रामकृष्ण कुँवर र अन्य फौज पठाइएको थियो। सिन्धुलीबाट अंग्रेजी फौज उकालो लाग्न थालेपछि जयनारायण मगरलगायत गोर्खाली फौजले अंग्रेजी फौज लखेटेका थिए, जसमा केही मारिए, केही औलोले मरे, अरू केही भागेका थिए। त्यसपछि काठमाडौंमा आक्रमण गर्न मिरकासिमको नेतृत्वमा आइलागेका मुस्लिम फौज र अंग्रेजी फौजको षड्यन्त्रलाई मकवानपुर गढीबाटै लखेट्ने काम भयो। कतिपय लेखक भन्छन्- 'पृथ्वीनारायण शाहले गोर्खा राज्यको विस्तार गरेका थिए। तर, त्यो गोर्खा राज्यको विस्तार नभएर हिमवत्खण्डका क्षेत्रका स-साना हिन्दु राज्यहरूको एकीकरण नै थियो।' गोर्खा, लमजुङ, तनहुँ, कास्की, पाल्पा, बाइसी, चौबिसी, मकवानपुर, काठमाडौं, ललितपुर, भक्तपुर आदि सबै हिन्दु राज्यको अवस्था अत्यन्त नाजुक भएको र अंग्रेजले यस क्षेत्रमा आँखा गाडेर आक्रमण गर्ने अवस्था थियो।

विसं. १८०० मा गोर्खाका राजा पृथ्वीनारायण शाहले बनारसको भ्रमण गरेको अवस्थामा विश्वनाथको मन्दिर मुसलमान सम्राट् औरंगजेबले भत्काएपछि भग्नावशेषको अवस्थामा नै थियो। त्यसले पृथ्वीनारायण शाह साह्रै चिन्तित थिए। उता इस्ट इन्डिया कम्पनीले भारतका विभिन्न राज्यमा हिन्दु धर्म र संस्कृतिको नाश गराएर इसाई धर्म लादन् हिन्दुहरूलाई आक्रमण गर्ने, मार्ने, मन्दिर भत्काउने, धम्क्याउनेलगायत अनेकौं अत्याचार फिरंगीहरूको देखेर हिमवत्खण्डको यो क्षेत्र जोगाउन पृथ्वीनारायण शाहलाई जिम्मेवारी महसुस भएको हो। अंग्रेजको अत्याचार देखेर हिमवत्खण्डका हिन्दु राज्यहरूलाई एकीकरण गर्न उनलाई जागृत गराएको थियो।

नेपालको एकीकरण गर्ने उद्देश्यबाट प्रेरित भएर पृथ्वीनारायण शाहले बनारसबाट हातहतियार बनाउने कारखानाको निरीक्षण गरी हातहतियार बनाउने र मर्मत गर्ने मुसलमान कालीगढ, केही हातहतियार र मुसलमान योद्धासमेत गोर्खामा ल्याएका थिए। राष्ट्रिय एकीकरणको अभियानमा काठमाडौं उपत्यका विजयपछि सिंहासनमा आसीन हुनुभन्दा पहिला शाक्य वंशकी जीवित कुमारीको हातको टीका लगाएर कुमारीको पाउमा ढोग गरेर मात्र पृथ्वीनारायण शाह राजसिंहासनमा बसेका थिए। यस कुराले नेपाल अधिराज्यका सम्पूर्ण धर्म, जाति र यस क्षेत्रको परम्परालाई शिरोधार्य गर्न सकेको बोध गराउँछ। यसरी भावनात्मक रूपले पृथ्वीनारायण शाहले साम, दाम, दण्ड, भेदको नीति लिएर तमाम जातजातिलाई राष्ट्रिय एकीकरणको महायज्ञमा समाहित गराई हिन्दु र बौद्धको यो आधिकारिक थलोको रक्षा गरेका थिए। राष्ट्रनिर्माता पृथ्वीनारायण शाह हामी नेपालीका गौरव हुन्। अतः नेपाल सरकारले पृथ्वीजयन्ती र राष्ट्रिय एकता दिवसको रूपमा मनाइँदै आएको २७ पुसलाई सार्वजनिक बिदासहित निरन्तरता दिई राष्ट्रिय एकता दिवशको रूपमा मनाउने निर्णय गरेर नेपालको गौरव बचाउने काम गरियोस्।

## दक्षिण एसिया

# उत्तर प्रदेशको चुनावी संकेत

प्रधानमन्त्री नरेन्द्र मोदीको निर्वाचन क्षेत्र वाराणसीसमेत सबै उत्तर प्रदेशमै भाजपालाई जबर्जस्ती झट्का दिँदै सत्तारूढ समाजवादी पार्टीले जिल्ला पञ्चायत चुनावमा जस्तो सफलता हासिल गरेको छ, त्यसले वर्तमान राजनीतिक अवस्थाको संकेत त दिएकै छ। यसबाट राम्रै झट्का अर्को राष्ट्रिय दल कांग्रेसलाई पनि लागेको छ, तर गत साल भएको लोकसभा चुनावमा प्राप्त अप्रत्याशित सफलतालाई मध्यनजर गर्दा भाजपाको केही राम्रो अवस्था थियो। लोकसभा चुनावमा मात्र पाँच सिटमा समेटिएको थियो भने मुख्य विपक्षी दलले त खाता खोल्नसम्म सकेन। तर, जिल्ला पञ्चायतको चुनावी परिणामले भन्छ कि त्यस चुनावी लहरको वर्तमान राजनीतिमा बढी प्रभाव पर्नेछैन। लोकसभा चुनावमा दुखद ढंगले परास्त भएको बसपाले पनि जिल्ला पञ्चायत चुनावमा जहाँतहीँ आफ्नो मजबुती साबित गरेको छ। यसबाट प्रस्ट भएको छ कि लोकसभा चुनाव परिणामबाट अति उत्साहित भाजपालाई आउने वर्ष हुने विधानसभा चुनावमा राम्रो प्रदर्शनका लागि अझै राम्रो मिहिनेत गर्नुपर्नेछ।

तर्क गर्न सकिन्छ कि स्थानीय चुनावमा अक्सर स्थानीय समीकरण नै निर्णायक हुन्छ। यो पनि कि यी चुनावमा जहाँतहीँ प्रहरी प्रशासनको आडमा नियन्त्रण पनि कम गरिएन, तर यसबाट चुनाव परिणामको महत्त्व तथा असर कम हुँदैन। बसपा कहीँकहीँ प्राप्त सफलताको बलमा हराएको आत्मविश्वास फिर्ता पाउने कोसिस गर्न सक्छ। नरेन्द्र मोदी जुन वाराणसीबाट जितेर प्रधानमन्त्री बने, त्यहाँ पनि जिल्ला पञ्चायत सिट सपाले सानदार अन्तरले जितेको छ। भाजपाले पश्चिमी उत्तर प्रदेशमा थोरै सन्तोषजनक प्रदर्शन अवश्य गरेको छ, तर आफ्नो प्रदेश अध्यक्ष लक्ष्मीकान्त वाजपेयीको गृह जनपद मेरठमा प्राप्त मतले उसलाई लामो समयसम्म तनाव दिइरहनेछ।

लगभग डेढ वर्षमै मोदी लहरको यस्तो उतारले केही स्वाभाविक सवाल उठाउँछ, जसको जवाफ भाजपाले विधानसभा चुनावभन्दा अगाडि नै खोज्नुपर्छ। यद्यपि, जिल्ला पञ्चायत चुनावको परिणामले यस ठोस यथार्थको नजिक पनि संकेत गरिरहेको छ कि लहरको बलमा प्राप्त लोकसभा चुनावी सफलतालाई राजनीतिक मिजाजको संकेत मान्नुहुँदैन। ध्यान रहोस् कि उत्तर प्रदेशमा जस्तै बिहारका मतदाताले पनि लोकसभा चुनावमा भाजपालाई शिरमा बसाएको थियो, तर विधानसभा चुनावमा तेस्रो स्थानमा धकेलियो। उत्तर प्रदेश तथा बिहार दुवै राज्यमा क्षेत्रीय राजनीतिक दलको दबदबा रहेको छ। यस्तोमा तल्लो तहमै अवस्था सुधार नगरीकन भाजपा-कांग्रेस सम्मिलित राष्ट्रिय दलले ठुलै भ्रम पालिरहनु हुँदैन।

*(भारतबाट प्रकाशन हुने 'दैनिक ट्रिब्युन'को सम्पादकीय)*

**लेख तथा प्रतिक्रियाका लागि**
इमेल : merobichar@gmail.com
फ्याक्स : ०९७७-१-५०११५९४ पो.ब.नं.: २०५०३ काठमाडौं

## छोटकरी

### बोको हरामका १२ लडाकु मारिए

**लागोस/एएफपी-** नाइजेरियामा सैनिकले गरेको कारबाहीको क्रममा शनिबार मात्र बोको हराम आतंककारी समूहका १२ सदस्य मारिएका छन् । गत महिनादेखि नाइजेरियामा बोको हरामका लडाकुको ज्यादतीविरुद्ध सरकारी सेनाले सशक्त कारबाही थालेको हो ।

बोको हरामको ज्यादतीविरुद्ध नाइजेरियाको सैनिकले आक्रामक कारबाही सुरु गरेको स्रोतले शनिबार सो जानकारी दिएको छ । यस कारबाहीका क्रममा केही सैनिक घाइते पनि भएका छन् ।

नाइजेरियामा गत ६ वर्षयता इस्लामिक आतंककारी समूहले जारी राखेको हत्या, हिंसा र आतंकको क्रममा हजारौं व्यक्तिले ज्यान गुमाएका छन् । नाइजेरियामा सन् २००९ देखि बोको हराम आतंककारी समूहले जारी राखेको हत्याहिंसामा १७ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ । जारी आक्रमणको त्रासले २६ लाख सर्वसाधारणले घर छोडी भागेको बताइएको छ ।

### बम आक्रमणमा सरकारी अधिकारीको मृत्यु

**मोगादिसु/सिन्हवा-** सोमालियाको राजधानी मोगादिसुको उत्तरमा पर्ने सिबिस् जिल्लामा आइतबार बिहान कार बम आक्रमण भएको समाचार छ ।

सो आक्रमणमा परी कम्तीमा एक सरकारी अधिकारीको ज्यान जानुका साथै अर्का एक अधिकारी घाइते भएको प्रहरी स्रोतले जानकारी दिएको छ ।

सोमालियामा अल साबाब आतंककारी समूहले यस प्रकारको आतंककारी घटना गराउँदै आएको पाइन्छ । यस आक्रमणको विस्तृत विवरण प्राप्त नभएको अनुसन्धान जारी रहेको प्रहरी स्रोतले जानकारी दिएको छ ।

# लागू औषध तस्करसँग हलिउड नायकले भेटेको खुलासा




**एजेन्सी**
मेक्सिको सिटी, २६ पुस

मेक्सिकोका कुख्यात लागू औषध तस्कर जोयक्विन गुजम्यान अर्थात ईआई च्याम्पो जेलबाट फरार भए पनि हलिउड नायक सिन पेन्नले भेट गरी अन्तर्वार्तासमेत लिएको खुलासा भएको छ ।

गत जुलाईमा फरार भए पनि उनीहरूबिच अक्टोबरमा मेक्सिकोको एक जंगलमा गोप्य रूपमा भेट भएको शनिबार प्रकाशित रोलिङ स्टोनले जनाएको छ । स्टोनले उनीहरूबिच करिब ७ घन्टा वार्ता भएको र सो क्रममा विभिन्न विषयका साथै लागू औषधको कारोबारका विषयमा पनि छलफल भएको उल्लेख गरेको छ ।

च्याम्पो मेक्सिकोकै उच्च सुरक्षा भएको अल्टिप्लानो जेलबाट गत जुलाईमा फरार भएका र गत शुक्रबार उनी पुनः समातिएका थिए । मेक्सिकोका एक अधिकारीले पेन्नको गोप्य भेटले उनलाई पक्राउ गर्न सजिलो भएको दाबी गरेका छन् । मेक्सिकोका अधिकारीले पनि उनले आफ्नो बारेमा चलचित्र निर्माणका लागि भएका संवादहरूका आधारमा पक्राउ गरिएको जनाएका थिए ।

उनीहरूबिच मेक्सिकोको दुरान्गो राज्यको एक जंगलमा २ अक्टोबरमा भेट भएको र त्यसपछि उनीहरूबिच बारम्बार फोनमा कुरा हुने गरेको पनि स्टोनले उल्लेख गरेको छ । सो कुराको सूचना पाएका आधारमा प्रहरीले १७ अक्टोबरमा पक्राउ गर्ने प्रयास गरेकोमा भाग्न सफल भएका थिए । दुईको भेट मेक्सिकोकी नायिका केट डेल कास्टिल्लोले गराएको पनि सो पत्रिकाले उल्लेख गरेको छ ।

**अमेरिका सुपुर्दगी गरिने**

मेक्सिकोले उनलाई अमेरिका सुपुर्दगीका लागि प्रक्रिया सुरु गरिने जनाएको छ । सन् २०१४ मा सुपुर्दगीका लागि अमेरिकाले गरेको अनुरोधका आधारमा प्रक्रिया सुरु गरिने अधिकारीको भनाइ छ । गत जुलाईमा विश्वकै कुख्यात लागू औषध तस्कर गुजम्यानलाई राखिएको जेलको बाथरुमबाट सुरुङ खनी उनी भाग्न सफल भएका थिए ।

मेक्सिको र अमेरिकाबिच सुपुर्दगीसम्बन्धी सन्धि भए पनि गुजम्यानलाई अमेरिका सुपुर्दगी गर्न भने त्यति सहज नभएको पनि अधिकारीको भनाइ छ । त्यसका लागि विभिन्न चरण पार गर्नुपर्ने हुन्छ । धेरै मेक्सिकनहरू उनलाई अमेरिका सुपुर्दगी नगरी मेक्सिकोमा नै कानुनी रूपमा दण्डित गर्नुपर्ने बताउँछन् ।

# दक्षिण कोरियाली आकाशमा अमेरिकी लडाकु विमान



**एजेन्सी**
सोल, २६ पुस

उत्तर कोरियाले हाइड्रोजन सफलताका साथ परीक्षण गरेको घोषणासँगै दक्षिण कोरियासँग तनाव बढिरहेका बेला अमेरिकी लडाकु विमान दक्षिण कोरियाको आकाशमा उडेको छ ।

उत्तरको घोषणासँगै आफ्नो बल देखाउन अमेरिकी बमवर्षक विमान बी५२ दक्षिण कोरियाली आकाशमा उडाएको बताइएको छ । सो विमान उत्तरकोरियाको नजिकै रहेको दक्षिण कोरियाली हवाई अखडामा उत्रिएको थियो । गत साता प्याङयाङले हाइड्रोजन बम परीक्षण गरेको घोषणासँगै विश्वव्यापी रूपमा सो कार्यको भर्त्सना भएको थियो । उत्तर कोरियाका नेता किम जोङ उनले परीक्षण अमेरिकासग हुनसक्ने आणबिक आक्रमणको प्रतिरक्षाका लागि भएको बताएका थिए ।

उत्तरको सो कदमपछि दक्षिण कोरियाले उत्तेजना फैलाउने सन्देशमूलक प्रचार सामग्रीको प्रसारण कार्य पुनः सञ्चालन गरेको जनाएको छ । उत्तरले पनि सो कार्यको प्रतिवाद गर्दै सोही किसिमको प्रचार सामग्री प्रसारण सुरु गरेको छ ।

सन् १९५३ मा अन्त्य भएको दुई कोरियाबिचको युद्ध केवल सहमतिमा टुंगिएको भए पनि कुनै शान्तिसम्झौता हुन नसकेको र प्राविधिक रूपमा अझै युद्धमै रहेका छन् । दक्षिण कोरियाको सहयोगी अमेरिकाले लडाकु विमानको उडान उत्तरको पछिल्लो बढाइचढाइपूर्ण कार्यको जवाफस्वरूप भएको बताएको छ ।

अमेरिकी लेफ्टिनेन्ट जनरल टेरेन्स ओ साउघानेस्सेले अमेरिकाले दक्षिण कोरियाको सुरक्षाका लागि विगतमा गरेका प्रतिबद्धताअनुसार नै पछिल्लो कदम चालिएको बताए । तर, सो उडानबारे उत्तरले कुनै पनि प्रतिक्रिया दिएको छैन ।

# शरणार्थीको सहयोगका लागि राष्ट्रसंघको आग्रह

**नैरोबी/ एजेन्सी-** केन्यामा रहेको सोमालियाली शरणार्थी शिविरका नागरिकलाई सहयोगका लागि संयुक्त राष्ट्रसंघले आग्रह गरेको छ । संयुक्त राष्ट्रसंघीय शरणार्थीसम्बन्धी उच्चायोगले सो आग्रह गरेको समाचारमा जनाइएको छ । सो शिविरमा फैलिएको हैजाबाट कैयौं नागरिकको ज्यान गएको समाचार हालै मात्र आएको थियो ।

सो समाचारपछि सो आयोगले सहयोगका लागि दाताहरूसँग आग्रह गरेको हो । हैजाका कारण नागरिकको ज्यान जानु दुखद हो भन्दै यसको निराकरणका लागि सबैको ध्यानाकर्षण गराएको हो ।

केन्याको नैरोबीमा रहेको सोमालियाली नागरिकको शरणार्थी शिविर विश्वकै सबैभन्दा ठुलो शरणार्थी शिविर हो । गएको नोभेम्बर महिनामा हैजाको प्रकोप फैलिएको थियो । सो प्रकोपका कारण अहिलेसम्ममा १० जनाको ज्यान गएको संयुक्त राष्ट्रसंघीय अधिकारीले जनाएका छन् ।

# दुई सन्तान नीतिविरुद्ध आफ्नै सन्तान

**एजेन्सी**
बेइजिङ, २६ पुस

चीनमा सरकारले दुई सन्तान नीति लागू गरेपछि स-साना बालबालिकाले आफ्ना अभिभावकलाई दुईओटा बच्चा जन्माउन विरोध गरेका घटना बढ्न थालेका छन् । पूर्वी चीनको किङडाओ सहरमा चार कक्षामा पढ्ने विद्यार्थीको समूहले दाजुभाइविरुद्धको एउटा गठबन्धन स्थापना गरेको छ ।

उनीहरूले आफ्ना अभिभावकको अर्को सन्तान जन्माउने योजनाको खुलेर विरोध गर्न यस्तो गठबन्धन गरेको प्राप्त समाचारमा जनाइएको छ । अभिभावकलाई दोस्रो सन्तान जन्माउनबाट रोक्न यी बालबालिकाले गोप्य बैठक नै सञ्चालन गर्ने गरेको किङडाओमा रहेको एउटा स्कुलका शिक्षकको भनाइ उद्धृत गर्दै पेनिसुला मेट्रोपोलिस डेलीले जनाएको छ ।

जन्मिने भाइ वा बहिनीलाई अभिभावकले बढी माया गर्नसक्ने तर्फ बालबालिका भयभीत भएको शिक्षक वाङले बताए । अर्को एक समाचारमा आफ्ना गर्भवती आमाप्रति बालबालिकाले आक्रोश पोख्ने र उनीहरूलाई गर्भपतन गर्न दबाब दिएको बताइएको छ ।

चीनले यही जनवरीमा लागू हुने गरी ३६ वर्ष लामो एक सन्तान नीतिलाई पूर्ण रूपमा हटाएको थियो । तिन वर्षयता यसमा क्रमिक रूपमा परिमार्जन गरेपछि यसै महिनादेखि आधिकारिक रूपमा उसले एक सन्तान नीतिलाई अन्त्य गरेको थियो । बढ्दो वृद्ध जनसंख्या र श्रम बजारको अभावलाई दर्साउँदै चीन सरकार दुई सन्तान नीति लागू गर्न बाध्य भएको थियो । यस विषयले सामाजिक सञ्जालमा विभिन्न आयाम थपेको चिनियाँ सञ्चारमाध्यमले जनाएका छन् ।

'दोस्रो बच्चा जन्माउनु उनीहरूका लागि कति खराब छ भन्ने विषयमा तपाईंले जोक गर्न छोड्नुभयो र दाजुभाइ हुँदा कति फाइदा हुन्छ भन्ने विषयमा सन्तानलाई बुझाउन सक्नुभयो भने आमाहरू गर्भवती हुँदा उनीहरूका सन्तान दुःखी हुने थिएनन्,' टिप्पणीकार वाङ डोङहुवीले त्यहाँको सामाजिक सञ्जालमा लेखेकी छन् ।

दोस्रो सन्तान जेठो सन्तानका लागि सजाय हो भनेर अभिभावकले आफ्ना बदमास बालबालिकालाई गिज्याउन नहुने उनी बताउँछिन् । सन् २००० पछि जन्मिएका बालबालिका स्वार्थी र आत्मकेन्द्रित हुने गरेको चिनियाँ सामाजिक सञ्जालमा टिप्पणीकारहरू बताउँछन् ।

दोस्रो सन्तानका लागि लाखौं चिनियाँ दम्पतीले इच्छा देखाए पनि आर्थिक अवस्था उनीहरूका लागि प्रमुख चुनौती बनेको छ । विशेष गरी सरकारको प्राथमिक र निम्न माध्यमिक विद्यालयमा पढाउँदा अत्यधिक शुल्क तिर्नुपर्ने हुँदा अभिभावकहरू चिन्तित बनेका छन् ।


## साउदी अरेबीयामा रोजगार

1. JASMIN PERFUME EST. शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/०९/२६ चलानी नं. : ७१०७ LT. No. 148838

| सि.नं. | कामदारको पद | पुरुष | SR | ने.रु. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Labour | 01 | 1000 | 28,000 | | | ८ घण्टा | ६ दिन | | छ | छ | |

सिनेट ईन्टरनेशनल प्रा.लि.
पोष्ट बक्स नं. १७३०, कुपण्डोल, ललितपुर
फोन.: ०९७७ १ ५५२५७०१, ५५२५९०५, फ्याक्स नं.: ०९७७ १ ५५४७४१३,
ईमेल: info@synnet206.com, वेवसाइट : www.synnetintl.com

## UAE मा रोजगार

1 Company ANEL EMIRATES GENERAL CONTRACTING LLC UAE
पूर्व स्वीकृती मिति : २०७२/९/२० चलानी नं. : ६४६४ LT. No.: 149218

| सि.नं. | कामदारको पद | पुरुष | AED | ने.रु. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Senior Electricians | 20 | 1300 | 36,400 | | | ८ घण्टा | ६ दिन | | छ | छ | |
| 2 | wiring electrical assistant | 370 | 1100 | 30,800 | | | | | | | | |

12th and 13th January 2016 (28 AND 29 POUSH 2072)
Held in interview Kathmandu full day KATHMANDU OFFICE
14 JANURAY 2016 (30 POUSH 2072)
BIRTAMOD JHAPA , BHAGAWAN CHOWK
OFFICE CONTACT NO. 023543148

New Pathibhara Placement Services (P.) Ltd.
G.P.O. Box : 25025, Dhapasi, Kathmandu, Nepal, Ph: 977-1-4387390/ 4387391, Fax 977-1-4388064, Email : info@npps.com.np

SENOR ELCETRICIAN GCC EXPERIENCE AND NIRMAL ELECTRICIAN ALSO EXPERIENCE CERTIGICATE (BRING ORIGINAL CETRIFICATE AND PASSPORT WITH WHAIT BACKGROUP 8 COPY 2BY 2 PAPPSORT SIZE RECENT POTOGRAPH )

## साउदी अरेबीयामा रोजगार

१. कम्पनी : ALI MOHAMMED AL-HAJJI AUTO WORKSHOP शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/२४ चलानी नं. : ६९७२ LT. No. 148645

| सि.नं. | कामदारको पद | पुरुष | SR | ने.रु. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Auto Mechanic | 01 | 2200 | 61,600 | | | ८ घण्टा | ६ दिन | | छ | छ | |
| 2 | WELDER TECHNICIAN | 02 | 2000 | 56,000 | | | | | | | | |

Kantipur Manpower Service (P) Ltd.
P.O. Box : 9033, Samakhusi-29, Kathmandu, Nepal, Tel : 4388866, 4388808, 4364338, 4357631, Direct: 4385499, Fax : 977 1 4381117,
E-mail : info@kantipurmanpower.com, Web : www.kantipurmanpower.com

## कतारमा रोजगार

१ कम्पनी : FENCE CONTRACTING & SERVICES CO. W.L.L. शहर : Qatar
पूर्व स्वीकृत मिति : २०७२/९/२५ चलानी नं. : ७०३४ LT. No. 149724

| सि.नं. | कामदारको पद | पुरुष | QR | ने.रु. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 03 | 1100 | 31,900 | | | ८ घण्टा | ६ दिन | | छ | छ | |
| 2 | Foreman | 02 | 2500 | 72,500 | | | | | | | | |
| 3 | Electrician | 03 | 1100 | 31,900 | | | | | | | | |
| 4 | Mason | 03 | 1100 | 31,900 | | | | | | | | |
| 5 | Driver | 02 | 1400 | 40,600 | | | | | | | | |
| 6 | Labourer | 10 | 900 | 26,100 | | | | | | | | |
| 7 | Electric | 03 | 1100 | 31,900 | | | | | | | | |

भर्सटाईल म्यानेजमेण्ट सिस्टम प्रा. लि.
गोंगबु-०५, सामाखुसी, काठमाडौं, पो.ब.नं.: ८९७५, फोन: ४३८९८८६

## वर्गीकृत डिस्प्ले

सिधा सम्पर्क : ५५४६३००, ५५४१०३०/४० Ext : १०२
E-mail : rajdhanimarketing76@gmail.com / rajdhani_marketing@yahoo.com

**माईग्रेशन हरायो**
मिति २०७२/८/१५ गते सानेपादेखि एकान्तकुनासम्म जाँदा मेरो निम्न व्यहोरा भएको HSEB को माइग्रेशन सर्टिफिक हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : कल्पना कुँवर
ठेगाना : फर्म्सिखेल-३, ललितपुर
सम्पर्क : ९८४१२६८५२१

**CUG Company को लागी**
७ महिला/पुरुष तु: आवश्यकता
योग्यता: Test, Slc,Or Above
तलब: 11,200/-
सुविधा: कम्पनीको नियमअनुसार
ग्वार्को, ललितपुर
9851147203
9808857315

**राहदानी हरायो**
मिति २०७२/०६/०९ गते सामाखुशी देखि बसुन्धारासम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालयमा वा निम्न ठेगानामा बुझाई दिनहुन अनुरोध गर्दछु ।
नाम : रण बहादुर तमाङ
राहदानी नं : ११०४४२८
ठेगाना : नारायणगढ ६, चितवन
सम्पर्क नं. : ९८०३६१९३९४

**तु: आवश्यकता**
भर्खरै खुलेको अफिसलाई नयाँ स्टाफ
संख्या : 5 Gents & 5 Ladies
योग्यता : SLC Or+2 above
तलब : 15,500/- Upto
कौशलटार, भक्तपुर
9843888162
9813819436

**राहदानी हरायो**
मिति २०७२/०८/१० गते भक्तपुरदेखि धुलिखेलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।
नाम : सूर्यबहादुर लामा
राहदानी नं. : ३२७७७७५
ठेगाना : खनालथोक-७

**राहदानी हरायो**
मिति २०७२/९/१५ गते चावहिलदेखि कोटेश्वरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : कर्लमु तामाङ
राहदानी नं.: ४१९४९०९
ठेगाना : फुल्पिङकट्टी -१, सिन्धुपाल्चोक
सम्पर्क : ९८४१८८८३८५

**राहदानी हरायो**
मिति २०७२/१/१२ गते भूकम्पमा परि मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : अरुण कुमार बस्नेत
राहदानी नं.: ४२३९६६
ठेगाना : महाराजगन्ज-४, चुनदेवी
सम्पर्क : ९८६११०८४३६

**नागरिकता हरायो**
मिति २०७२/१/१२ गते भूकम्पमा परि मेरो निम्न व्यहोरा भएको नागरिकता हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : अरुण कुमार बस्नेत
नागरिकता नं. : ९१९
ठेगाना : महाराजगन्ज-४, चुनदेवी
सम्पर्क : ९८६११०८४३६

**राहदानी हरायो**
मिति २०७१/१२/१७ गते चौबिसकोटीदेखि मालपोतसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : पूर्ण बहादुर राई
राहदानी नं.: ०५७३४८७९
ठेगाना : शारदानगर-१, चितवन

**राहदानी हरायो**
मिति २०७२/८/१० गते नारायणगढदेखि भरतपुरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : डिल बहादुर अधिकारी
राहदानी नं.: ४००२७६५
ठेगाना : पार्तीपुर-२, चितवन

**राहदानी हरायो**
मिति २०७२/८/१० गते मालपोतचोकदेखि चौबिसकोटीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : मेग राज तमाङ
राहदानी नं.: ०७३३२५५४
ठेगाना : भरतपुर-१४, चितवन

**बीमालेख हरायो**
मिति २०७२/१/१२ गते नेपाल लाइफ इन्स्योरेन्स क.लि.को मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : ध्रुव पोखरेल
पोलिसी नं. : १७१०२८९१०
सम्पर्क : ९८५११४२१५०

**राजधानी न्यूज पब्लिकेशन प्रा.लि.का**
क्षेत्रीय तथा ब्यूरो कार्यालयहरू
बुटवल : (क्षेत्रीय कार्यालय) फोन : ०७१-४३७४५५
पोखरा : (क्षेत्रीय कार्यालय) फोन : ९८४६५६३५१३
नेपालगञ्ज : (क्षेत्रीय कार्यालय) फोन : ०८१-५२५९३४

# बैकुण्ठलाई पृथ्वी पुरस्कार

**राजधानी समाचारदाता**
काठमाडौं, २६ पुस

दक्षिण एसियाली खेलकुदका कीर्तिमानी म्याराथन धावक बैकुण्ठ मानन्धरलाई आइतबार पृथ्वी पुरस्कारबाट सम्मान गरिएको छ । राप्रप नेपालको राष्ट्रिय खेलकुद संघ नेपालले मानन्धरलाई २ लाख पुरस्कारसहित सम्मान गरेको हो ।

राप्रपा नेपालका अध्यक्षसमेत रहेका उपप्रधान, परराष्ट्र, संघीय मामिला तथा स्थानीय विकासमन्त्री कमल थापाले मानन्धरलाई सम्मानपत्र, पृथ्वीनारायण शाहको पूर्ण कदको मूर्ति र २ लाख नगद प्रदान गरे । राष्ट्रिय खेलकुद संघ नेपालले गत वर्षदेखि नेपाली खेल क्षेत्रमा विशेष योगदान पुर्‍याउने पूर्वखेलाडीलाई सम्मान गर्दै आएको छ । नेपाली राष्ट्रिय फुटबल टिमका पूर्वकप्तान राजुकाजी शाक्यलाई अघिल्लो वर्ष सो पुरस्कार दिइएको थियो ।

मानन्धरले पहिलोदेखि तेस्रो दक्षिण एसियाली खेलकुदमा लगातार तीन स्वर्ण जित्दै कीर्तिमान रचेका थिए । त्यो कीर्तिमानलाई तेक्वान्दोका दीपक विष्टले सागको ११औं संस्करणमा तोडेका थिए । दीपकले ११औं संस्करणमा स्वर्ण जित्दै सागमा व्यक्तिगत स्वर्ण संख्या चार पुर्‍याएका थिए । दीपकले आठौंदेखि एघारौंसम्म लगातार चार स्वर्ण जितेका हुन् ।

भारतको कोलकातामा भएको तेस्रो साफमा मानन्धरले म्याराथन पूरा गरेको २ घन्टा १५ मिनेट ०३ सेकेन्डको समय अहिले पनि कीर्तिमानका रूपमा कायमै । विश्व एथलेटिक्स च्याम्पियनसिपमा दुई पटक सहभागिता जनाएका मानन्धर आठौंदेखि दसौं एसियाली खेलकुदमा पनि सहभागी थिए ।

त्यस्तै, उनले विश्वकै सबैभन्दा ठूलो खेलकुम्भ ओलम्पिकमा चारपटक नेपालको प्रतिनिधित्व गरिसकेका छन् । १९७६ को मोट्रियल, १९८० को मस्को, १९८४ को लस एन्जलस र १९८८ को सिओल ओलम्पिकमा मानन्धर सहभागी थिए । एसियाली ट्र्याक एन्ड फिल्डमा उनले पहिलोदेखि निरन्तर तीन संस्करणमा सहभागिता जनाए । मानन्धर विभिन्न प्रतिष्ठित पुरस्कारबाट समेत विभूषित भइसकेका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै उपप्रधानमन्त्री थापाले पुरस्कार स्थापनाले खेलाडीको योगदानको कदर हुनाका साथै पार्टीको गरिमासमेत बढेको बताए । उनले आसन्न १२ औं सागमा नेपालको सहभागिता सुनिश्चित हुने बताउँदै बजेटमा केही समस्य भएको भए समाधानका लागि प्रयास गर्ने प्रतिबद्धता व्यक्त गरे । पुरस्कृत मानन्धरले देशको वर्तमान परिस्थितिले जनजीवन कष्टकर भएको बताउदै चाँडोभन्दा चाँडो समस्या समाधान गर्न नेताहरूलाई आग्रह गरे । खेलकुद, युवा तथा विद्यार्थी विभाग, राप्रपा नेपालका संयोजक एवं सांसद् गणेश थापाले नेपाली खेल क्षेत्रमा योगदान पुर्‍याएका पुराना खेलाडीलाई सम्मान गर्ने उद्देश्यले पुरस्कार स्थापना गरिएको बताउँदै सानै भए पनि यसले अन्य खेलाडीलाई पनि प्रेरित गर्ने विश्वास व्यक्त गरे । उनले पुरस्कारले हरेक वर्ष निरन्तरता पाउने स्पष्ट पारे । संघका अध्यक्ष लोकबहादुर शाहीले खेलाडीको प्रोत्साहनका लागि संघले निरन्तर काम गर्ने बताए । 'अन्य दलका खेलकुदसँग सम्बन्धित संघहरू राजनीतिमा केन्द्रित छन् । हामी खेलकुद प्रतियोगिता, खेलाडीको प्रोत्सानमा केन्द्रित छौं,' उनले भने ।




## 'सागको बजेट निकासका लागि पहल गर्छु'

**काठमाडौं/रास-** उपप्रधान, परराष्ट्र तथा स्थानीय विकासमन्त्री कमल थापाले १२औं दक्षिण एसियाली खेलकुदका लागि समयमा बजेट निकास गर्नका लागि आफूले पहल गर्ने बताएका छन् ।

उनले भने, 'सागका लागि समयमा बजेट नआएको कुरा उठेको छ, के भएको रहेछ, म आजै प्रधानमन्त्रीसँग यो विषयमा कुरा गर्नेछु र तत्काल बजेट निकासा गर्नका लागि पहल गर्नेछु ।' थापाले भने, 'सागमा नेपालको सहभागिता सुनिश्चित छ ।'

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक विष्टले समयमा बजेट नआएका कारण खेलाडीको तयारीमा समस्या परेको बताएका थिए । विष्टले कार्यक्रमलाई सम्बोधन गर्दै भने, 'साग नजिकिएको छ तर तयारीका लागि बजेट अझै निकासा भएको छैन, यसले सागमा सहभागिता हुने/नहुने विषयमा द्विविधा रहेको छ ।'

# एसियाली सुटिङ महासचिवमा पुष्पदास

**काठमाडौं/रास-** नेपाल सुटिङ संघका अध्यक्ष पुष्पदास श्रेष्ठ एसियाली सुटिङ महासंघको महासचिव पदमा निर्विरोध चयन भएका छन् । नेपाली खेलकुद क्षेत्रबाट एसियन महादेशीय महासंघको महासचिव पदमा पुग्ने उनी पहिलो खेल व्यक्तित्व बनेका छन् ।

कुवेतमा भएको एसियाली सुटिङ महासंघको साधारण सभाले श्रेष्ठलाई महासचिवमा सर्वसम्मत चयन गरेको जनाइएको छ । साधारण सभाले बहराइनका सेख अल अली खलिफालाई अध्यक्षमा निर्विरोध चुनेको श्रेष्ठले जानकारी गराए ।



श्रेष्ठका अनुसार एसियाली महादेशबाट यसअघि चिनियाँ नागरिक मात्र एसियाली सुटिङको महासचिवमा चयन भएका थिए । उनीपछि एसियाली सुटिङ महासंघको महासचिवमा चुनिने श्रेष्ठ दोस्रो एसियाली तथा पहिलो नेपाली हुन् । दक्षिण एसियाली सुटिङ संघका अध्यक्षसमेत रहिसकेका श्रेष्ठसँग एसियाली सुटिङ महासंघको विभिन्न कमिसनमा रही काम गरेको अनुभव छ ।

अब श्रेष्ठ पुन: दक्षिण एसियाली सुटिङ संघको अध्यक्ष बन्दै छन् । साग खेल जुन राष्ट्रले आयोजना गर्छ त्यही राष्ट्रका सुटिङ अध्यक्ष दक्षिण एसियाली सुटिङको पनि अध्यक्ष रहने प्रावधान छ । सागको १३औं संस्करण आयोजना गर्ने पालो नेपालको हो ।

श्रेष्ठले सुटिङमा पछि परेका राष्ट्रलाई पहिलो प्राथमिकतामा राखि काम अगाडि बढाउने बताउँदै खेलाडीको स्तरवृद्धि गर्न प्रशिक्षक र जुरीको तालिममा विशेष ध्यान दिने बताए । उनले कबीर २० वर्षदेखि नेपालको सुटिङमा आबद्ध रहेका छन् ।

# टेनिस टोली बैंककतर्फ

**काठमाडौं/रास-** आईटीएफ यू-१४ डेभलपमेन्ट ट्रेनिङ डिभिजन-२ मा भाग लिन ६ खेलाडीसहित ८ सदस्यीय नेपाली लनटेनिस टोली सोमबार थाइल्यान्डको बैंकक प्रस्थान गर्दै छ । नेपाल लन टेनिस संघले उमेर समूहका खेलाडीको स्तरवृद्धिका लागि अन्तर्राष्ट्रिय ट्रेनिङलाई आफ्नो प्राथमिकतामा राखेको छ ।



नेपाल लन टेनिस संघकी अध्यक्ष ज्योति राणाले खेलाडीको विकासका लागि वैदेशिक प्रशिक्षण आवश्यक रहेकाले त्यसलाई प्राथमिकतामा राखेको बताइन् । उनले नियमित रूपमा अन्तर्राष्ट्रियस्तरका कार्यक्रममा खेलाडीको सहभागिता गराउने बताइन् ।

१० देखि १७ जनवरीसम्म हुने तालिममा महिलातर्फ अभिलाषा विष्ट, प्रेरणा कोइराला र इरा रावत सहभागी हुनेछन् । पुरुषमा सम्यकभूषण बज्राचार्य, सहर्ष बर्दान बी चन्द र अदित सुवेदीले भाग लिनेछन् ।

तालिमपछि बैंककमै हुने प्रतियोगितामा यी ६ खेलाडीले प्रतिस्पर्धा पनि गर्नेछन् । प्रतियोगिता जनवरी १८ देखि ३० तारिखसम्म चल्नेछ । प्रशिक्षकमा राजेश परियार तथा अफिसियलमा अखिल नेपाल लनटेनिस संघका सदस्य अजय विष्ट रहेका छन् । टोलीलाई सफलताको शुभकामना दिँदै लनटेनिस संघकी अध्यक्ष ज्योति राणाले सातदोबाटो टेनिस कम्प्लेक्समा आइतबार बिदाइ गरिन् ।

## रोहित मलेसियन क्लबमा

**काठमाडौं/रास-** नेपाली डिफेन्डर रोहित चन्द मलेसियन क्लब टी-टिम एफसीमा आवद्ध भएका छन् । यसअघि इन्डोनेसियन क्लबमा आबद्ध भएका चन्दले २०१६ का लागि मलेसियन क्लबबाट व्यावसायिक फुटबल खेल्नेछन् । आइतबार सम्झौतामा हस्ताक्षर भएको टी-टिम एफसीले जनाएको छ । यद्यपि, उनी कति रकममा अनुबन्धित भए भन्नेबारे क्लबले केही खुलाएको छैन । नौ वर्षअघि स्थापना भएको क्लब मलेसिया प्रिमियर लिगमा गत सिजन तेस्रो भएको थियो । चन्दको आबद्धताले लिगमा प्रदर्शन सुदृढ हुने विश्वास लिएको क्लबले जनाएको छ । रोहित ३० नम्बरको जर्सीमा मैदानमा उत्रिनेछन् ।

## वेस्टइन्डिज शीर्षमा

**लन्डन/एजेन्सी-** वेस्ट इन्डिजले टी-२० क्रिकेटमा विश्व नम्बर एकमा स्थान बनाएको छ । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल आईसीसीले आइतबार सार्वजनिक गरेको विश्व वरीयतामा वेस्ट इन्डिज शीर्ष स्थानमा रहन सफल भएको छ ।

## टेटे खेलाडी बैंकक जाँदै

**काठमाडौं/रास-** भारतमा हुने १२औं दक्षिण एसियाली खेलकुद (साग) को थप तयारीका लागि चार सदस्यीय नेपाली टेबलटेनिस खेलाडी टोली सोमबार थाइल्यान्डको बैंकक प्रस्थान गर्दै छन् ।

चार खेलाडीलाई मात्र प्रशिक्षणको व्यवस्था मिलेकाले पुरुष/महिलामा शीर्ष २ वरीयताका खेलाडीलाई वैदेशिक प्रशिक्षणमा पठाउन लागिएको अखिल नेपाल टेबलटेनिस संघका अध्यक्ष चतुरानन्दराज वैद्यले जनाएका छन् । पुरुषमा पुरुषोत्तम बज्राचार्य र दीप साउन तथा महिलामा नवीता श्रेष्ठ र एलिना महर्जन रहेका छन् । सागका लागि समान ५-५ पुरुष/महिला गरी १० खेलाडी छनोट भएका छन् । टेबलटेनिस मुख्य प्रशिक्षक शिवनारायण श्रेष्ठ बुधबार बैंकक जानेछन् ।

## फिदिमको अग्रता

**पाँचथर/रास-** फिदिममा जारी फाल्गुनन्द गोल्ड कप फुटबल प्रतियोगिताअन्तर्गतको आइतबार भएको दोस्रो खेलमा फिदिम स्पोर्टिङ क्लबले माईभ्याली स्पोर्टिङ क्लब इलामलाई २-० ले पराजित गरेको छ । खेलको उत्तरार्द्धमा धिरज तामाङ र पेटर सेगुनले गरेको गोलले डिफेन्डिङ च्याम्पियनसमेत रहेको फिदिमले अग्रता हासिल गरेको हो ।

# जिदानको सुखद डेब्यु

**म्याड्रिड/एजेन्सी-** जिनदिन जिदानले आफ्नो करिअरको अर्को अध्याय 'मुख्य प्रशिक्षक' का रूपमा शनिबार रियल म्याड्रिडबाट सुखद डेब्यु गरे । उनले क्लब सम्हालेको पहिलो खेलमा डिर्पोटिभोविरुद्ध ५-० को जित दिलाउँदै कोचका रूपमा पहिलो जित आत्मसात् गरे ।

ग्यारेथ बेलको ह्याट्रिक तथा करिम बेन्जमाको दुई गोलको मद्दतमा रियलले डिपोर्टिभोविरुद्ध प्रभावशाली जित निकाल्यो । पूर्वम्याड्रिड मिडफिल्डर रहेका जिदानलाई क्लबका समर्थकले भव्य स्वागत गरेका थिए । सान्टियागो बर्नेबाउ अर्थात रियलको घरेलु मैदानमा खेलअघि र खेलपछि समर्थकले चिच्याएर उनको स्वागत गरे । बार्सिलोनाविरुद्धको ४-० को हार पछि सम्भवत: समग्र टिम र फ्यानको आकर्षण फरक रहेको थियो । बार्सिलोनाविरुद्धको हारलाई नै मुख्य कारण बनाउँदै रियलले उसका मुख्य प्रशिक्षक राफेल बेनिटिजलाई बर्खास्त गरेपछि जिदान मुख्य प्रशिक्षकमा नियुक्त भएका थिए ।

'समर्थकहरू खेलको पहिलो मिनेटदेखि अन्तिमसम्म टिमको समर्थनमा रहे, यो निकै फरक वातावरण थियो तर हामीले बुझ्नुपर्छ यो हाम्रो एउटा मात्र खेल हो, जित अझै निरन्तर आवश्यक छ,' जिदानले भने । जितपछि रियल बार्सिलोनाभन्दा दुई अंकले पछि रहेको छ । जितपछि खुसी देखिएका प्रशिक्षक जिदानले थपे, 'यो भनेको मेरा लागि धेरै गर्नुपर्ने चुनौती हो जुन कुरामा म मज्जा लिन सक्छु ।' यद्यपि, शनिबारै भएको ग्रेन्डाविरुद्धको खेलमा बार्सिलोनाले ४-० को जित निकाल्दा उसका स्टार स्ट्राइकर लियोनेल मेसीले ह्याट्रिक सम्भव बनाए । थप गोल नेयमारको नाममा रह्यो । बार्सिलोनाको उत्कृष्ट प्रदर्शन र सानदार लयले रियललाई झट्का भने अवश्य लागेको छ ।

## सदस्य सचिव विष्ट गुवाहटीतर्फ

**काठमाडौं/रास-** राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव केशवकुमार विष्ट आइतबार भारतको गुवाहटी प्रस्थान गरेका छन् ।

भारतमा हुने आसन्न १२औं दक्षिण एसियाली खेलकुद (साग) लाई मध्यनजर गरी गुवाहटीमा हुने सेभ दि मिसनको सेमिनारमा भाग लिन सदस्य सचिव विष्ट त्यसतर्फ प्रस्थान गरेका हुन् । सेमिनार जनवरी ११-१३ तारिखसम्म चल्नेछ । भारतको बाग्दोगडाबाट हवाई मार्ग हुँदै गुवाहटी प्रस्थान गरेका सदस्य सचिव विष्टले साग आयोजनास्थल गुवाहटी र सिलोङको पूर्वाधारको समेत अवलोकन गर्ने कार्यक्रम छ ।


नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
क्षेत्रीय कृषि निर्देशनालय (मध्यमाञ्चल)
**जिल्ला कृषि विकास कार्यालय**
नुवाकोट

**शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित मितिः२०७२।९।२७

१. नेपाल सरकार, कृषि विकास मन्त्रालय, कृषि विभाग को स्वीकृत कार्यक्रमबाट तपसिलमा उल्लेखित कार्य शिलबन्दि बोलपत्र आव्हान गरी निर्माण कार्य गराउनु पर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुबाट खरिद प्रकृयामा सहभागी हुन आव्हान गरिएको छ ।
२. योग्य बोलपत्र दाताहरुले यस सम्बन्धि थप जानकारी जिल्ला कृषि विकास कार्यालयबाट तयार पारिएको बोलपत्र सम्बन्धि कागजातको अध्ययनबाट बाट प्राप्त गर्न सकिने छ ।
३. सिलवन्दी बोलपत्र फारम दस्तुर तपशिलमा उल्लेख भए अनुसार फिर्ता नहुने गरि नगदै बुझाई सो को नगदी रसिद सहित निवेदन पेश गरी यो सुचना प्रकाशित मितिले ३० औं दिन (मिति २०७२।१०।२६ गते) सम्म कार्यालय समय भित्र यस कार्यालयका अतिरिक्त जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कायालय नुवाकोट बाट खरिद गर्न सकिनेछ ।
बोलपत्र बिक्रिको रकम दाखिला गर्ने बैंक खाता सम्बन्धि विवरण :-
राजश्व शिर्षक नं.:-१४२२७
राजश्व खाता नं. :-२६-४१-८११
खाता संचालन गर्ने कार्यालय : कोष तथा लेखा नियन्त्रक कार्यालय, नुवाकोट ।
कार्यालयको कोड नं. :- २६-३१२-०१
रकम जम्मा हुने कार्यालयको नाम :- जिल्ला कृषि विकास कार्यालय, नुवाकोट ।
४. यस कार्यालयबाट खरिद गरी तयार पारिएको बोलपत्र सिलबन्दि गरी खाममा कामको बिवरण, ठेक्का नं., बोलपत्र दाता फर्मको नाम, ठेगाना प्रष्ट संग लेखि दस्तखत र छाप लगाई कार्यालयलाई सम्बोधन गरेको बोलपत्र यो सुचना प्रकाशित मितिले ३१ औं दिन (मिति २०७२।१०।२७ गतें) दिनको १२:०० बजे सम्म यस कार्यालयको अतिरिक्त जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कायालय नुवाकोटमा दर्ता गरी सक्नु पर्नेछ ।
५. प्राप्त बोलपत्रहरु ३१ औं दिन को १३:०० बजे कार्यालयका प्रतिनिधिहरु र निर्माण व्यवसायी वा निजको प्रतिनिधिको रोहवरमा जिल्ला कृषि विकास कार्यालय, नुवाकोटमा खोलिने छ । निर्माण व्यवसायी वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दि बोलपत्र खोल्नमा बांधापर्ने छैन ।
६. सिलबन्दि बोलपत्र साथ मूल्य अभिवृद्धि कर प्रमाण-पत्र र इजाजत प्रमाण-पत्र (आ.व.२०७२।०७३ को लागि नविकरण भएको) तथा आ.व.२०७१।०७२ सम्मको आन्तरिक राजश्व कार्यालयबाट प्राप्त कर चुक्ता गरेको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी वा आन्तरिक राजश्व कार्यालयमा कर दाखिला गरेको कागजात संलग्न भएको हुनु पर्नेछ ।
७. बोलपत्र पेश गर्दा बोलपत्रका साथ तपसिलमा उल्लेखित धरौटी रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, नुवाकोटको ने.बै.ली.त्रिशुली शाखामा रहेको हि.नं.२६-५१-७८९७ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा सोही रकम बराबरको यस कार्यालयको नाममा जारी गरेको नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखि १२० दिन (२०७३।२।२६) सम्म म्याद भएको बैंक जमानी पत्र (Bid Bond) को सक्कलै प्रति अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।
८. सिलबन्दि बोलपत्र सम्बन्धि कार्य यस संगै प्राप्त भएको कागजात (Bidding Document) अनुसार हुनेछ । बोलपत्र सम्बन्धि कागजात (Bidding Document) मा छुट भएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ । यस सम्बन्धि अन्य कुरा बुझ्नुपरेमा यस कार्यालयको टेलिफोन नम्बर ०१०-५६०१२८ वा टोल फि नं १६६०१०५६६६६ बाट कार्यालय समय भित्र जानकारी प्राप्त गर्न सकिनेछ ।
९. सिलबन्दि बोलपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पछि लगतै कार्यालय खोलेको दिनमा खरिद गर्न र सो को भोलीपल्ट १२ बजे भित्र दर्ता गर्न सकिने छ । त्यस्तै दर्ता गर्ने अन्तिम दिन बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खोलेको दिनको १२ बजे भित्र दर्ता गर्न सकिने छ ।
१०. सिलबन्दि बोलपत्र दाताहरुलाई आफ्नो बोलपत्र बुझाउनु अगावै यस कार्य सम्बन्धित विभिन्न सम्भावित जोखिम प्रति जानकारी लिनको लागि भवन निर्माण स्थलको निरिक्षण गर्नको लागि सुझाव दिईएको छ ।
११. रित नपुगी र म्याद नाघी आएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।
१२. कुनै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

तपसिल:-

| ठेक्का नं. | कामको नाम | लागत अनुमान (मू.अ.कर र कन्टिजेन्सि बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| 01/DADO/NUW/BLDG/072/73 | जिल्ला कृषि विकास कार्यालय, नुवाकोटको स्टाफ क्वाटर नयाँ निर्माण तथा मर्मत कार्य | ३५,३९,९२५।- | १,००,०००।- | रु १,०००।०० |


# न्युजिल्यान्डको सानदार जित

**आकल्यान्ड/एजेन्सी-** मार्टिन गुप्टिल र कोलिन मुनरोको सानदार प्रदर्शनपछि न्युजिल्यान्डले दोस्रो ट्वान्टी २० अन्तर्राष्ट्रिय क्रिकेट म्याचमा आइतबार श्रीलंकालाई १० ओभर बाँकी रहँदै नौ विकेटले हराउँदै सिरिजमा क्लिन स्विप गरेको छ ।

श्रीलंकाले पहिले ब्याटिङ गर्दै आठ विकेट १ सय ४२ रन जोड्यो । श्रीलंकाका लागि एन्जेलो मैथ्युज र तिलकरत्ने दिसानले मात्र दोहोरो अंकको रन जोडे । मैथ्युजले अविजित रहँदै ८१ रन जोडे भने दिल्सानले २८ रन जोडे । न्युजिल्यान्डका लागि ग्रान्ट इलियटले २२ रन दिएर चार र मिसेल सैन्टरनर र एडम मिल्नेले २/२ विकेट लिए ।

न्युजिल्यान्डका ओपनर गुप्टिलले २५ बलमा ६ चौका र पाँच छक्काको मद्दतमा ६३ रन जोडे ।

उनले १९ बलमा अर्धशतक पूरा गर्दै न्युजिल्यान्डका लागि नयाँ रेकर्ड बनाए । उनको सो रेकर्ड बीस मिनेट मात्र टिक्यो । मुनरोले केवल १४ बलमा अर्धशतक जोडे । मुनरोले टी २० अन्तर्राष्ट्रिय क्रिकेटमा दोस्रो सर्वाधिक छिटो अर्धशतक जोडेका हुन् । भारतका युवराज सिंहले २००७ मा इंग्ल्यान्डविरुद्ध केवल १२ बलमा अर्धसतक प्रहार गरेका थिए । न्युजिल्यान्ड केवल १० ओभरमा एक विकेट गुमाउँदै १ सय ४३ रन जोडेर जित दर्ता गर्‍यो ।

कप्तान केन विलियमसन ३२ रन जोडेर अविजित रहे । न्युजिल्यान्डले सिरिजमा २-० ले क्लिन स्विप गर्‍यो । यसअघि उसले टेस्ट म्याचमा २-० र वान डेमा ३-१ ले जित दर्ता गर्‍यो ।



विजयी छक्का प्रहार गर्दै अर्धशतक प्रहार गरेका थिए ।

राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : आषिश शेरचन, सम्पादक : राजन शर्मा